# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्व ब्रह्माण्डलाई नियालेर हेर्दा यस पृथ्वीमा विभिन्न मानव जातिहरूको बस्ती बसेको पाइन्छ । मानव सभ्यताको विकाससँगै कामका आधारमा विभिन्न प्रकारका जातिहरूको नामाकरण गरिएको र सोही कामकै आधारमा उनीहरूमाथि भेदभाव र छुवाछुतसमेत हुने गरेको पाइन्छ । तसर्थ विश्वब्यापी जातीय भेदभावका परिप्रेक्ष्यमा हुने छुवाछुत दक्षिण अफ्रिका, भारत, नेपाललगायत आफुलाई विकसित र विश्वको अग्रणी राष्ट्रको रूपमा स्थापना गर्न पछि नपर्ने अमेरिकाजस्तो देशमा समेत जातीय भेदभाव र छुवाछुत रहेको पाइन्छ । विश्वका विभिन्न मुलकहरूमा हुने गरेको भेदभाव र छुवाछुतले मानवको नैसर्गिक अधिकार अर्थात् मानव अधिकारको उल्लंघन हुनु हुदैन भनेर विभिन्न समयमा अन्तर्राष्ट्रिय रूपमा गोष्ठी, सेमिनार तथा छलफलजस्ता कार्यक्रमहरू संचालन हुँदै आएका छन् । यिनै गोष्ठी, सेमिनार तथा छलफलद्वारा विश्वमा विद्यमान रहेको जातीय भेदभाव र छुवाछुतलाई अन्त्य गर्ने गरी विभिन्न घोषणाहरू र सम्झौताहरू भएका छन् ।

जातीय छुवाछुतको अध्ययन गर्ने क्रमममा पहिले जातिको परिभाषा स्पष्ट हुनु जरुरी छ । William P. Scott का अनुसार “जातिले जातिभित्र रहेका विभिन्न उपजातिहरूसमेतलाई जनाउँछ । यिनै जातिभित्र विभिन्न जातहरू रहेका हुन्छन्, एउटा समूहको सदस्यता र पहिचान जसले साझा सांस्कृतिक पक्षहरू ग्रहण गर्दछ, जसमा सामान्यत एउटा साझा भाषा र साझा इतिहास समावेश भएको हुन्छ । यस्तो पक्ष ग्रहण गर्ने समुदायहरू नै जातिहरू हुन् (Dictionary of Sociology: 1988, S.Gillilov) । बोराल (1980) का अनुसार “परम्परादेखि नै सामाजिक घृणा (Social hatred) बाट पीडित मानिस जो धार्मिक समूहलाई दलित” भनी परिभाषित गरेका छन् । नेपालमा जातीय छुवाछुत हजारौँ वर्ष अघिदेखि चल्दै आएको छ र आजको अवस्थासम्म आईपुग्दा यसले नेपाली समाजमा नराम्रो असर पारेको छ । यो छुवाछुत

प्रथाको शुरुवात भएपछि मुलुकमा सामाजिक भेदभाव, घृणा र अपमानका चरम सीमा सहनु परेको छ । तर आदिम् समाजका मानिसहरू जात र कुलमा समान थिए । कुनै प्रकारको भेदभाव थिएन तसर्थ पहिले समाजमा वर्ण व्यवस्था थिएन, यो पछिमात्र सुरु भएको हो भन्ने कुरा बाल्मिकि रामायणमा पाइन्छ । ऋग्वेदको पहिलो चरणमा आएर ब्राह्मण, क्षेत्री र वैश्य गरी तीन वर्ण देखिए र ऋग्वेदको पछिल्लो कालमा गएर शुद्रको निर्माण भयो तर शुद्र तिरस्कृत भएको पाइदैन । वैदिक कालमा आर्य र अनार्य गरी जम्मा दुई वर्ण मात्र थिए । श्रम विभाजनको क्रममा आर्यहरूले केहि समयपछि ब्रह्मण क्षेत्रीहरूको आपसी कलहको कारण पछि चौथो वर्ण (शुद्र)को निर्माण गरियो । शुद्रलाई शिक्षा र सम्पत्तिाट वञ्चित गरियो । इशापूर्व १८५ सम्ममा शुद्रमाथि अनेकौ अयोग्यताहरू थोपरिए पनि त्यसबेलासम्म छुवाछुतको शुरुवात नभएको भन्ने दलित नेता डा. भीमराव रामजी अम्वेडकरको दावी रहेको छ ।

धार्मिक मान्यताअनुसार ऋग्वेदलाई जाति प्रथाको मुख्य स्रोत मानिएको छ । ऋग्वेदमा ब्रह्माको मुखबाट ब्रह्मण, बाहुबाट क्षेत्री, तिघ्राबाट वैश्य र पाइतालाबाट शुद्रको जन्म भएको उल्लेख छ । त्यस्तै मनुस्मृतिमा मनुले चारै वर्णको कार्य विभाजनबारे उल्लेख गरेका छन् । जस अनुसार ब्रह्मणले बेद पुराण पढ्नु-पढाउनु, दान दिनु-लिनु, यज्ञ गर्नु-गराउनु, क्षेत्रीले प्रजाको रक्षा गर्नु, शासन गर्नु, वैश्यले बाणिज्यको व्यवस्था गर्नु तथा कृषि कार्य गर्नु र शुद्रले ३ ओटै वर्णको सेवा गर्नु भनी कार्य विभाजन उल्लेख गरेका छन् ।

छुवाछुत प्रथाको आरम्भको कुरा गर्ने हो भने वैदिक कालदेखि सुरु गर्नु उपयुक्त मानिन्छ । किनभने यस कालभन्दा अगाडि अछुत प्रथाको उल्लेख भएको कहिँपनि पाइदैन । वैदिककाल (६०००-४००० BC) को पनि अन्तिम समयमा (१०००-५०० BC) अर्थात् उपनिषदकाल भन्दा पश्चात आएर मात्र शुद्र जातको जन्म भएको मानिन्छ । त्यसमा केबल चण्डाल समुदायलाई मात्र अछुतको रूपमा उल्लेख गरिएको छ । किराँत, गोपाल र महिषपालकालमा भने अछुत प्रथाको बारेमा कुनै कुरा उल्लेख छैन । त्यसरी नै वर्तमान अवस्थामा बुद्धधर्मले जातीय भेदभावमा कुनै चासो नदेखाए तापनि इशापूर्व ५६३-४८३ तिर बुद्ध धर्मले पानी

नचल्ने तथा छुन नहुने शुद्र जातिलाई शहरभन्दा बाहिर राख्ने परम्पराले बुद्ध धर्ममा पनि जातीय छुवाछुत थिएन भन्न सकिदैन (Koirala, 1996) ।

नेपालमा खास गरेर जातपातको शुरुवात इ.सं. ६०० वर्षदेखि शुरु भएको पाइन्छ । मल्लकाल (८७०-१७६७) पानी चल्ने तथा छुन हुने शुद्रलाई पुनः मासिने तथा नमासिने गरी दुई भागमा विभाजन गरिएको थियो । शुद्रलाई वर्गिकरण गर्ने क्रममा शाह (१९९४) ले पाँचौ वर्ग भनेकाछन् । जहाँ पानी नचल्ने तथा छुन नहुने जातलाई हटाइएको थियो । वंशावलीका अनुसार कानूनी रूपमा राजा जयस्थितिमल्लले वि.सं. १४३७ मा जातपात र छुवाछुत प्रथाको शुरुवात गरे । यसलाई टेवा दिदै गोर्खाली राजा रामशाहले सामाजिक सुधार भन्दै छुवाछुतलाई व्यापक तुल्याएका थिए । गोर्खाली राजा राम शाह (१६०६-३६) को समयमा जातीय विभाजन हुँदा चार वर्ण छत्तीस जात भन्न थालिएको पाइन्छ । वि.सं. १९१० को मुलुकी ऐनले अप्रत्यक्ष रूपमा नेपाली समाजलाई दुई जातमा विभाजन गऱ्यो । पानी चल्ने र पानी नचल्ने । यी जाति भित्र राणा शासनको समयमा आ-आफ्ना जातको समस्या मिलाउन ती जातका प्रमुखलाई जिम्मा दिइएको थियो ( नेपालमा दलित समदायको स्थिति, २०६०) ।

पद्म शम्शेरको पालामा नयाँ स्कूलहरू खुले, आधार स्कूलको नयाँ व्यवस्था भयो । विभिन्न पुस्तकालय खुले, पुस्तक प्रकाशनको प्रतिबन्ध खुकुलो भयो । उनले नै दरवार स्कूलमा कामी, दमाई, सार्की र पोडे आदि जातिलाई पढाउन एउटा अलग्गै शिक्षक दरबन्दीसमेत व्यवस्था गरिदिएका थिए । यस व्यवस्थाले त्यस बेलाको जाति प्रथा अनुसार पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जस्ता जातिहरूलाई पनि पढ्ने सुविधा प्रदान गरेको थियो (पौडेल, २०५४, पृ. २१) ।

दोस्रो विश्व युद्धको समाप्तीपछि विश्वमा चलेको मानवतावादी आन्दोलनद्वारा संयुक्त राष्ट्रसंघको स्थापना भई संयुक्त राष्ट्रसंघको वडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र इ.सं. १९४८, मानवअधिकारसम्बन्धी अन्य महासन्धी र सबै प्रकारका जातीय विभेद उन्मुलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धी पारित भई लागु

भयो । साथै नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेपछि संयुक्त राष्ट्रसंघका उपर्युक्त गतिविधि र निर्णयहरूबाट आफुलाई टाढा राख्न नसक्ने परिस्थितिमा मानव अधिकार विरुद्ध रहेको मुलुकी ऐनलाई खारेज गरी तत्कालीन राजा श्री ५ महेन्द्रले वि.सं २०२० मा भू.पू. प्रधानन्यायधिश विश्वनाथ उपाध्यायको सकृयतामा जातका आधारमा भेदभाव गर्ने पूरानो मुलुकी ऐनको व्यवस्था हटाएर समानताको मापदण्ड अपनाई नयाँ मुलुकी ऐन २०२० लागु गरे (अल्हुरेड्स नेपाल र अरु, २०६०) । यस ऐनले कानूनी रूपमा सबै जातिलाई समान घोषणा गरे तापनि कानूनी अवरोधहरू भने पूर्णरूपमा हट्न सकेनन् । फलस्वरूप नेपाल अधिराज्यको संविधान २०४७ को विभिन्न धाराहरूमा जातीय भेदभाव र छुवाछुत विरुद्धका कानूनी मान्यताहरू जन्मिन पुगे । आजभोलि छुवाछुतको दृष्टिले समाजमा तल्ला मानिने जातले नेपालका अन्य नागरिक सरह आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक सबै क्षेत्रमा उचित प्रतिनिधित्व पाउनुपर्छ साथै छुवाछुतको मुद्धा सरकारवादी बन्नुपर्दछ भन्ने मान्यता रहेको छ (विश्वकर्मा, २०६०) ।

## १.१.२ दलित वर्गको परिचय

देशका कानूनहरूमा दलित समुदायजस्ता शब्दहरूको कहीँ कतै उल्लेख नभएपनि नेपाल राज्यको संविधान २०४७ मा आर्थिक, सामाजिक वा शैक्षिक रूपले पिछडिएको वर्ग भन्ने उल्लेख भएको पाइन्छ । जसको अर्थ हो सामाजिक रूपले पिछडिएको अर्थात् अग्रस्थान, मध्यस्थान या समानताका दृष्टिले उचित स्थानमा रहन बस्न अस्वीकृत भै सामुहिक दृष्टिले, सहभागिताका दृष्टिले, कुनै कुरा प्राप्तिका दृष्टिले तथा हक र हीतका दृष्टिले राज्यव्यवस्थाद्वारा नै पछि पारिने गरिएका वा शिक्षामा पहुँच बढाउन असक्षम भएका मानिसहरूलाई जनाइएको पाइन्छ । त्यस्तै गरेर नेपालजस्तो बहुजातीय र गरिब मुलुकमा 'दलित वर्ग' भन्ने शब्दावलीको परिभाषा, दलित विकास समिति गठन आदेश २०५४ को दफा २ (ख) मा उपेक्षित उत्पीडित र दलित वर्ग भन्नाले "परम्परागत रूपमा व्यवसाय संचालन गरी जिविकोपार्जन गरिरहेको आर्थिक, सामाजिक र अन्य कुनै पनि कारणले उपेक्षित उत्पीडित र दलित हुन पुगेको जातजाति वा वर्ग सम्झनु पर्दछ " (अल्हुरेड्स नेपाल र अरु, २००३) ।

### १.१.३ दलितको अवस्था

नेपालमा दलित जातिहरू आर्थिक, सामाजिक, शैक्षिक र राजनैतिक साथै सांस्कृतिक र स्वास्थ्यका दृष्टिकोणले समेत पछि परेका छन् । दशौँ पञ्चवर्षीय योजनामा दलितहरूको शिक्षामा पहुँच बढाउनका लागि निश्चित अवधिको निमित्त विशेष संरक्षणको व्यवस्था गर्ने, प्राविधिक विषयका उच्च शिक्षामा दलित तथा उपेक्षितहरूको पहुँच बढाउने, जग्गा जमिन वितरण गर्दा सुकुम्बासी दलितहरूलाई विशेष प्राथमिकता दिने, वैदेशिक रोजगारमा सरकारी क्षेत्रबाट पठाउँदा परम्परागत सीप र साधनमा आधुनिकीकरण गरी पर्याप्त तालिम प्रदान गरी उनीहरूको सेवालाई रोजगारीमूलक बनाई पठाउनेजस्ता कार्यक्रमहरू ल्याएको छ (वागचन्द, २०५९) तर उनीहरूको आर्थिक अवस्थालाई नियाल्ने हो भने ४७ प्रतिशत दलितहरू नितान्त गरिबीको रेखामुनि रहेकाछन् । मुलुकको औषत वार्षिक प्रतिव्यक्ति आय १, १८६ अमेरिकी डलर हुँदा दलितहरूको ७६४ अमेरिकी डलर रहेको छ । देशका २९.६५ प्रतिशत भूमिहीन दलितमध्ये पहाडी १५.३२ प्रतिशत र तराई ४३.९८ प्रतिशत दलित रहेका छन् । नेपालको समग्र मानव विकास सूचकाङ्क ०.३२ र दलितहरूको मानव विकास सूचकाङ्क ०.२४ रहेको छ । मुलुकमा औषत आयुदर ५९ वर्ष र दलितको ५०.८० वर्ष रहेकोछ । मुलुकको साक्षरता दर (६ वर्ष भन्दा माथि) ५४.१ प्रतिशत हुँदा दलित समुदायको करिव ३३.८ प्रतिशतको हाराहारीमा रहेको छ (स्मारिका, २०६२/६३, राष्ट्रिय दलित आयोग) ।

राजनैतिक रूपबाट हेर्ने हो भने हालको अन्तरिम व्यवस्थापिका (संसद)मा ठूला दलहरू नेपाली कांग्रेसबाट दलित १ जना (१.१८%) एमालेबाट ३ जना (४.८२%), नेकपा माओवादीबाट १२ जना (१४.४६%) र जनमोर्चा नेपालले ३ वटा सिट पाएकोमा २ जना दलित समुदायबाट मनोनित गरेको पाइन्छ भने काँग्रेस (प्र) र राप्रपाबाट अन्तरिम व्यवस्थापिका (संसद) मा दलित समुदायको प्रतिनिधित्व रहेको देखिदैन (लुकेको आवाज त्रैमासिक, वर्ष ३, अंक ७, २०६३) ।

स्वास्थ्यका दृष्टिकोणबाट हेर्ने हो भने नेपालीको सरदर आयु ५६ वर्ष हुँदा दलितहरूको सरदर आयु ४२ वर्ष रहेको छ । यसैगरी दलित समुदायमा मातृ मृत्युदर

प्रतिलाख ८५० रहेको र बाल मृत्युदर प्रतिहजार १०९ भएको तथा आधा दलित बालबालिका कुपोषणको सिकार भएका छन् । त्यसैगरी ७.७ प्रतिशत मधेशका र ३.१ प्रतिशत पहाडका दलित बालबालिकाको विवाह १० वर्ष पुग्नु अगावै हुने र धेरै कम दलित बालबालिकाहरूले खोप लिने गरेबाट दलित समुदायको स्वास्थ्य स्थिति खराव रहेको स्पष्ट हुन्छ (TEAM Consult 1999: 27-38, Koirala 2002: 95) ।

## १.१.४ दलित वर्ग र शिक्षा

नेपालको भू- बनोट र यहाँ बसोबास गर्ने अधिकांश जनताहरू कुना कन्दरामा छरिएर रहेकाले उनीहरूमा आर्थिक, शैक्षिक र सांस्कृतिक विविधता हुनु स्वभाविकै हो । जनजाति र संस्कृतिको आधारमा हेर्दापनि यहाँका मानिसहरू बीच ज्यादै नजिकको दुरीमा पनि विविधता पाइन्छ । विभिन्न जातजातिले बोल्ने भाषा फरक फरक भएकोले पनि सबैलाई एकै प्रकारको शिक्षा दिनु चुनौतिपूर्ण विषय हुन आएको छ । दुर्गम क्षेत्रमा छरिएर रहेका विविध सांस्कृतिक भाषा र रहन सहन भएका जातजातिलाई समेटेर एकै प्रकारको शिक्षा दिन गरिएको प्रयासको फलस्वरूप आजसम्म पनि ३० प्रतिशत प्राथमिक उमेरका केटाकेटीहरू विद्यालय आउन सकेका छैनन् जसले गर्दा विद्यालयमा गरिने लगानीले खास प्रतिफल पाउन सकिरहेको छैन (सेरिड, २०५८) ।

दलितहरू शक्तिविहिन मानिसहरू हुन् । शैक्षिक रूपबाटै नियाल्ने हो भनेपनि अधिकांश दलितहरू निरक्षर रहेका छन् । जस अनुसार पुरुषको ७० प्रतिशत र महिलाको ९६ प्रतिशत दलितहरू निरक्षर छन् (Koirala, 1998) । दलितहरूको नागरिक र राजनीतिक अधिकारको कुरा गर्दा उनीहरूले आम नेपाली नागरिक सरह अधिकार पाइसकेका छन् , तर उनीहरूको आर्थिक र साँस्कृतिक अधिकार पूर्णरूपमा बहाली हुन सकेको छैन । यो कुरा पहाडका दलितहरूको औसत साक्षरता २९ प्रतिशत र तराईका दलितको साक्षरता १० प्रतिशत भन्दा कम हुनुले देखाउँछ जवकि नेपालको साक्षरता ५४ प्रतिशत रहेको छ (विश्वकर्मा, २०६०) ।

शिक्षा मानिसको नैसर्गिक अधिकार हो । प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ भन्दै बालबालिकाहरूका मौलिक अधिकारका रूपमा शिक्षा भन्ने वारेमा संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी घोषणापत्रमा भनिएको छ :

"Everyone has right to education, education shall beforce at least in the elementary and fundamental stage..." (शर्मा, २०५८ पृष्ठ, ३०१) । थाइल्याण्डको जम्टिनमा भएको विश्व शिखर सम्मेलनले विकासोन्मुख मुलुकहरूको प्राथमिक शिक्षामा जोड दिदै "Education For All" भन्ने नारा अगाडि सार्‍यो । यस सम्मेलनले सन् २००० सम्ममा प्राथमिक शिक्षामा सुधार गर्ने, १४ वर्ष उमेर पुगेका केटाकेटीहरू मध्ये कम्तीमा ८० प्रतिशतलाई शिक्षा दिने जस्ता उद्देश्यहरू राख्यो । यसैगरी सन् २००० को डकार सम्मेलनले "Quality Education" को नारा अघिसारी बालबालिकाको अधिकारलाई अझ सुरक्षित पार्ने प्रयास गरेकोछ । संविधानमा उल्लेखित अधिकार समेत राज्यले अबलम्बन गर्न सकिरहेको छैन । संविधानको धारा २६ (१०) मा भनिएको छ । शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएको जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने छ ।" (नेपाल अधिराज्यको संविधान २०४७, पृ.९) । त्यसो त २००७ सालको प्रजातन्त्र प्राप्तिपछि प्राथमिक शिक्षामा तीव्र रूपमा संख्यात्मक बृद्धि भएको छ । सोही अनुपातमा विद्यार्थी संख्यामा पनि बृद्धि हुँदै गइरहेको छ । नेपालको शैक्षिक तथ्याङ्क २०५८ अनुसार २००७ सालमा ३०० प्रा.वि रहेकोमा वर्तमानमा २४९४३ पुगेको छ तर प्राथमिक शिक्षामा दलितको लागि अवसर र सहभागिताको कमी देखिन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले विद्यालयको सुविधा वा अवसर बढदैमा विद्यार्थी सहभागिता नबढ्ने देखाएको छ । सुविधा पाए पनि छात्रा वर्ग र विछडिएका वर्ग अवसरबाट वञ्चित देखिन्छन् । त्यस्तै पारिवारिक स्थिति, लिंग र विद्यालयको शैक्षिक वातावरणले पनि विद्यालय सहभागितामा असर पार्दछ । तसर्थ शिक्षाको अवसर र सहभागिता बढाउने सम्बन्धमा खासगरी पारिवारिक आर्थिक स्थिति, सामाजिक एवं सास्कृतिक परिवेशका साथै

विद्यालयमा सिकाइएको अनुकूल स्थितिले प्रभाव पार्ने कुरा उल्लेख गरेको छ (अधिकारी, २०५९) ।

नेपालको शैक्षिक तथ्याङ्क (Flash I Report 2063) ले उल्लेख गरेअनुसार नेपालमा प्राथमिक तहका दलित विद्यार्थीहरू जम्मा ७६४२०८ रहेका छन् जसमा केटाहरू ३९५२४३ र केटीहरूको संख्या ३६८९६५ रहेको छ । प्राथमिक तहमा दलित विद्यार्थीको भर्ना १८% रहेको छ । दशौं पञ्चवर्षीय योजनाले दलितहरूको शिक्षामा पहुँच बढाउनका लागि छात्रवृतिको व्यवस्थालाई विस्तार एवं व्यापक बनाउने, विद्यालय जाने उमेरका दलित बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गराउने विद्यालयमा सम्भव भएसम्म दलित महिला र नभएमा दलित समुदायबाट शिक्षकको व्यवस्था गर्ने, प्राविधिक र व्यवसायिक शिक्षामा दलितहरूको सीपको विकास हुने किसिमको पाठ्यक्रमको विकासगरी अध्ययन अध्यापनको व्यवस्था मिलाउने कुरा उल्लेख गरेको छ । तर तुलनात्मक रूपमा भने यसले पूर्णता पाउन सकेको छैन । आर्थिक कमजोरीका कारण लक्षित कार्यक्रमहरू ठीक तरिकाले सम्पन्न हुन सकिरहेका छैनन् केबल आकर्षक र मिठासपूर्ण शब्दद्वारा दलित वर्गलाई आकर्षित गर्न खोजिएको छ त्यसैले गर्दा उनीहरू शिक्षामा पछि परेका छन् ।

## १.२. समस्याको कथन

सबैका लागि शिक्षा (२०००-२०१५) को लक्ष्य अनुरूप शिक्षामा विशेषगरी बालबालिकाहरू तथा जनजाति र अल्पसङख्यक समुदायका बालबालिकाहरूले पूर्णरूपमा निःशुल्क, अनिवार्य तथा गुणस्तरीय प्राथमिक शिक्षा प्राप्त गराउन सरकारी तथा गैरसरकारी संस्थाहरूबाट अनेक प्रयासहरू भएका छन् । यस्ता प्रयासहरू भए तापनि नेपाली समाजमा युगौंदेखि जरा गाडेर रहेको जातीय विभेद तथा छुवाछुत प्रथाले दलित समुदायका बालबालिकाहरूको प्राथमिक विद्यालयमा पहुँच पुग्न सकिरहेको छैन । त्यसैले यस अध्ययनमा सकार गा.वि.स. अन्तर्गतका प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूको अवस्थासम्बन्धी निम्न प्रश्नको खोजी गरेको छ ।

- विद्यालयमा दलित विद्यार्थीहरूको भर्ना र उपस्थिति दर के-कस्तो छ ?
- दलित विद्यार्थीहरूको विद्यालय र कक्षा क्रियाकलापमा सहभागिताको स्थिति के - कस्तो छ ?
- शिक्षक र गैरदलित विद्यार्थीहरूले दलितविद्यार्थीहरू प्रति गर्ने व्यवहार कस्तो छ ?
- विद्यालय र कक्षा क्रियाकलापमा दलित विद्यार्थीहरूलाई सहभागी गराउन समस्याहरू के-के छन्?
- के गरेमा प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूको सहभागिता बढाउन सकिएला ?

माथि उल्लेखित गरिएका प्रश्नको जवाफ खोज्न अतिनै आवश्यक देखिएकोले यस अध्ययनको शीर्षक "सकार गा.वि.स. बैतडीका प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूको अवस्था"लाई अध्ययन शीर्षकका रूपमा लिइएको थियो ।

## १.३ अध्ययनको महत्व

शिक्षाको समग्र विकासको लागि संङ्ख्यात्मक र गुणात्मक पक्षमा बृद्धिहुनु नितान्त जरुरी छ । दलित समुदायहरूको शिक्षामा पहुँच बृद्धि गर्न विभिन्न प्रयासहरू भएका छन् । जसमा छात्रवृत्ति प्रदान गर्ने, निःशुल्क शिक्षा दिने, आरक्षणको व्यवस्था गर्ने कुराहरू छन् । यस्तो व्यवस्थाबाट पनि शिक्षामा उनीहरूको जति पहुँच पुग्नुपर्ने हो त्यति पुगेको देखिदैन । यस अध्ययनले दलित समुदायको शिक्षामा पहुँच पुऱ्याउन आवश्यक आधार प्रदान गर्नुका साथै दलित बालबालिकाहरूलाई प्राथमिक विद्यालयमा बढीभन्दा बढी सहभागी गराउन शिक्षक, विद्यालय, समाज र अभिभावकले बहन गर्नुपर्ने उत्तरदायित्वलाई स्पष्ट पार्ने छ । यस अनुसन्धानबाट दलित तथा अन्य उपेक्षित, उत्पीडित समुदायका बालबालिकाहरूलाई प्राथमिक विद्यालयमा समान अवसर र सहभागिता बढाउन अपनाउनु पर्ने भावी रणनीतिहरुको योजना बनाउन नीति निर्माणकर्ता शिक्षा र दलितसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चासो राख्ने शिक्षक,

विद्यार्थी, अभिभावक, विद्यालय, समाज, विषय-विशेषज्ञ, शिक्षाविद्, अनुसन्धानकर्ता लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरूलाई समेत सहयोग पुऱ्याउने भएकोले यो अध्ययनको अति नै महत्व छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको लागि निम्न उद्देश्यहरू राखिएको थियो :

- प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूको भर्ना र उपस्थितिको अवस्था पत्ता लगाउनु ।
- दलित विद्यार्थीँहरूको कक्षा र विद्यालय क्रियाकलापमा सहभागिताको अवस्था केलाउनु ।
- शिक्षक र गैरदलित विद्यार्थीहरूले दलित विद्यार्थीहरू प्रति गर्ने व्यवहार पत्ता लगाउनु ।
- दलित विद्यार्थीहरूको प्राथमिक विद्यालयमा देखिएको सहभागिताको समस्या र त्यसको कारण पहिचान गर्नु ।

## १.५. अध्ययनको सिमाङ्कन

प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूको सहभागिताबारे अध्ययन गर्नको लागि यो अुनसन्धान कार्य बैतडी जिल्लाको सकार गा. वि. स. का विश्वकर्मा (लुहार) र दमाई जातिका विद्यार्थीहरूमा मात्र सीमित रहेको छ । यस अध्ययनमा विद्यालयमा गैर दलित विद्यार्थीको अवस्था हेरिने छैन । विद्यालय नगएका दलित बालबालिकाहरूको बारेमा अध्ययन गरिने छैन ।

# अध्याय दुई

# पूर्वअध्ययन कार्यहरूको साहित्यिक समीक्षा

## २.१ सामाजिक विभेदीकरणः समाजशास्त्रीय सिद्धान्तहरू

सामाजिक विभेदीकरणका सम्बन्धमा मानव सभ्यताको प्राचीन समयदेखि नै विभिन्न सामाजिक दर्शनशास्त्रीहरूले आफ्ना विचार चिन्तनहरू प्रस्तुत गर्दै आएकाछन् । उनीहरूले आर्थिक, सामाजिक र राजनैतिक असमानताप्रति चासो देखाउँदै ती असमानताहरूको प्राकृतिकपना, स्थायित्व र अपरिहार्यताका बारेमा सिद्धान्तहरूको निर्माण समेत गरेकाछन् । यहाँ सामाजिक असमानताका सम्बन्धमा भएगरेका समाजशास्त्रीय सिद्धान्तहरूलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

ग्रिसेली प्रसिद्ध दार्शनिक प्लेटोले आर्दश राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने, कामको बाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेकाछन् । प्लेटोका यी चिन्तनहरूले सामजिक व्यवस्था न्यायपूर्ण बन्ने परिकल्पनाका आधारमा सामाजिक विभेदीकरणको चिन्तन आएको हो । उनको चिन्तनमा अवसरको समानता निजी सम्पत्तिको उन्मुलन र साझा कल्याणकारी समाजको निर्माण रहेको छ (शर्मा, २०५८) । प्लेटोले समाजलाई वर्ग संरचनाका रूपमा व्याख्या गर्दै समाजका सबै नागरिकहरूलाई तीन वर्गमा विभाजन गरेकाछन् । अभिभावक (Guardians), सहायक (Auxiliaries) र कामदार (Workers) । यी प्रत्येक मुख्य वर्गहरूलाई फरक र निश्चित कार्यहरूको विभाजन गरी सोहीअनुसार कार्यान्वयन गर्न लगाइएको थियो । प्लेटोले उच्च वर्गीकृत समाजको स्पष्ट रूपमा प्रस्ताव पेश गरेता पनि अवसरको पूर्ण समानता, निजी सम्पत्तिको निराकरण, साझा कल्याणको लागि एउटै दृष्टिकोणलाई शासक वर्गको स्पष्ट गुणको रूपमा व्याख्या गरेका छन् (Tumin, 1997)।

ग्रिसेली दार्शनिक तथा राजनीतिज्ञ एरिस्टोटलका चिन्तनमा विभेदीकरणको मूल कारण आर्थिक पक्ष हो । उनका अनुसार समाजमा धनी, मध्यम र निम्न वर्गका मानिसहरू रहेका हुन्छन् । यस किसिमको विभेदीकरणको अवस्थाले समाजको सञ्चालनमा वाधा पुगिरहेको हुन्छ । शिष्ट सरकारको पालनपोषण र बुद्धिमान अनि मध्यमस्थ जनसंख्याको स्थापनाका लागि नागरिकको जन्म, शक्ति र सम्पत्तिको असमान परिणामप्रति एरिस्टोटल सँधै चिन्तित रहेको देखिन्छ (Tumin, 1997) ।

विश्व साम्यवादी आन्दोलनका प्रणेता महान् दार्शनिक तथा समाजशास्त्री कार्लमार्क्सका (1818- 1883) चिन्तनमा सामाजिक विभेदीकरणको प्रमुख पक्ष आर्थिक कारण नै हो । सामाजिक उत्पादन र वितरणमा रहेको असमानताले विभेदीकरणलाई उच्च स्थानमा पुर्‍याएको उनको विचार छ । मार्क्सका अनुसार सामाजका सम्पूर्ण पक्षहरूमा र सिङ्गो सामाजिक व्यवस्थाको स्वरूपमा परिवर्तन ल्याउने आधार वर्ग संघर्ष (Class Struggle) नै हो । वर्ग संघर्षको सिद्धान्तअनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजका यी परस्पर विरोधी वर्गहरूका बीचमा आ-आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ । यस अन्तर्गत शोषित वर्ग, मजदुर वर्ग वा श्रमिक वर्ग र पूँजिपति, सामन्ती वा शोषित वर्गहरूबीच उत्पादन प्रक्रिया, उत्पादनको वितरण वा उत्पादनका सम्बन्धमा, उत्पादनको साधनको स्वामित्वका सम्बन्धमा  र वर्गीय आधारमा सँधै सामजिक द्वन्द्व हुने गर्दछ (शर्मा, २०५८) ।

मार्क्स भन्दछन् “विद्यमान मालिकत्व सम्बन्धले एक जातिद्वारा अर्को जातिको शोषणको लागि अवस्था प्रदान गर्दछ ।” आफ्नै जनजातिका श्रमजीवि जनतालाई थिच्नु र चुस्नु बाहेक शोषक जनजातिका पूँजिपति वर्ग र  अन्य शोषक वर्गहरूले सँधैभरी आफ्नो मुलुकमा अन्य जातिहरूलाई थिच्ने, चुस्ने गर्दछन् र विदेशी मुलुकहरूमा उनीहरू बजार, कच्चा माल पैदा गर्ने, लगानी गर्ने ठाउँको लागि तँछाड मछाड गर्दछन् र आफ्नो शोषणको ठाउँलाई बढाउँदछन् । मार्क्स अर्को कुरा के थप्दछन् भने “जातीय मुक्ति आन्दोलनको विकास पूँजिवादी

मुलुकहरूमा शासकवर्गहरू माथि एक निर्णायक प्रहार रहन्छ र सो विकास सर्वहारा वर्गहरूको आफ्नै मुक्तिको निम्ति आवश्क छ" (मेयर र वोग्तालाई मार्क्सको पत्र १९९२ पृ. १९०, जातीय सवाल र वर्ग सघर्षमा उद्दृत) ।

म्याक्स वेबर (1864-1920) पनि एक समाजशास्त्रीय चिन्तक हुन् । उनले समाजमा शक्तिको वितरण फरक ढंगले भएको बताउँदछन् उनका अनुसार समाजमा शक्ति, सम्पत्ति, इज्जत र प्रतिष्ठा प्राप्तिका लागि व्यक्ति-व्यक्ति बीचमा आपसी खिचातानी भइरहेको हुन्छ । उनले के दावी गर्दछन् भने व्यक्ति वा समाजको आर्थिक अवस्था उसको सामाजिक प्रतिष्ठा वा स्तरसँग सम्बन्धित रहेको हुन्छ । धार्मिक मान्यता सहितको यस्तो अवस्थाले असमान समाजमा फरक शक्तिको उत्पादन गर्दछ ।

म्याक्स वेवरका समकालीन समाजशास्त्री इमाइल दुर्खिम (1858-1917) ले आधुनिक समाजलाई असमान मानेका छन् । किनभने यसमा प्राचीन समाजमा भएका नैतिक मूल्यहरू र सचेतनाको. कमी हुन्छ । आधुनिक समाजमा मानिसहरू चेतनायुक्त एकात्मकताको अधिनमा सम्मीलित हुन्छन् । त्यो एकात्मकता विभाजित कार्यमा वा अन्य सम्बन्धमा आधारित हुन्छ जसले गर्दा फेरी सामाजिक असमानता निम्त्याउँछ ।

Craig Calhoun (1995) ले "Difference of value" र "The Value of Difference" मार्फत समाजले विभिन्न व्यक्ति, समुदाय तिनिहरूको संस्कृति, विचार, मान्यता र मूल्यलाई गाभेर राखेको हुन्छ भनेका छन् । समाजमा विद्यमान यस्ता तत्वहरू एक अर्कामा समान नभएतापनि तिनीहरूलाई अलग पार्न नसकिने कुरालाई स्वीकार्दछन् । मानव र संस्कृतिमा फरक-फरक मूल्य र आकार हने भएका कारण यी सबैलाई एकल मूल्य नमूना (Single value model) मा समावेश गर्न गाह्रो पर्ने कुरालाई Calhoun स्वीकार्दछन् (Rai, 2003) ।

निष्कर्षमा, समाजवादको अवधिमा जनजातिहरूबीचको वास्तविक असमानता जातीय समस्याको मूल कारण होइन न जातीय लक्षण र भेदहरू नै त्यसका मूल कारण हुन् । त्यसको आधारभूत कारण विभिन्न जनजातिहरूमा

अझसम्म वर्गहरू, वर्गअन्तर्विरोध तथा वर्ग संघर्ष विद्यमान हुनु हो । समाजवादको अवधिमा जातीय सवालको आधारभूत कारणहरू बारे हर प्रकारका झुटा तथा गलत दृष्टिकोणहरू रहनाको मुख्य कारण उक्त सवाल वास्तवमा वर्गहरूको सवाल हो भन्ने मार्क्सवादी, लेनिनवादी सिद्धान्तहरूप्रति र समाजवादी क्रान्ति तथा निर्माणको अवधिभर लामो समयसम्म वर्ग अर्न्तविरोधहरू र वर्ग संघर्ष अवस्था रहन्छन् भन्ने तथ्यप्रतिको अज्ञानता हो । फलस्वरूप त्यस्ता दृष्टिकोण राख्ने मानिसहरू जातीय सवालको आध्ययन गर्दा मार्क्सवादी लेनिनवादी वर्ग दृष्टिकोण र वर्ग विश्लेषणको तरिकालाई छाड्ने गर्दछन् (चुन, २०५१) ।

## २.२ दलित र सामाजिक असमानता

नेपाली समाजलाई छुत र अछुत गरी २ भागमा विभाजन गरिएको छ । पानी चल्ने जात छुत र पानी नचल्ने जात अछुत हुन । अछुत जातिका मानिसलाई छुत जातिका मानिसले  पानी बार्ने, विहेवारी नगर्ने र घरभित्र पस्न नदिने गरेको पाइन्छ । त्यसैगरी देशका अधिकांस मन्दिर, मसानघाट, पानी धारो, कुवा, होटल, पसल लगायत सार्वजनिक स्थान तल्ला जातका (अछुत)ले प्रयोग गर्न पाउँदैनन् । माथिल्लो जातका व्यक्तिले तल्लो जातका व्यक्तिलाई जुनसुकै उमेरको भए तापनि तँ भनेर बोलाउनु र तल्ला जातिले माथिल्लो जातका व्यक्तिलाई सम्मानजनक शब्दहरू जस्तै तपाईं, हजुर, बाजे, मुखिया, सुब्बा भन्नुपर्ने चलन छ (नेपालमा दलित समुदायको स्थिति, २०६०) ।

नेपाली समाजमा छुवाछुतको परम्परागत अभ्यास रहँदै आएको देखिन्छ । १३औं शताब्दीको शुरुवातदेखि दलित जातिहरूलाई राज्यले सम्पत्ति आर्जन गर्न नदिने तथा गाउँ/शहरको छेउछाउ वा फोहोर गल्लीमा बस्न वाध्य पारिएको जसले गर्दा दलितहरूमा फोहोरी संस्कार र कुपोषणले घर बनाएको देखिन्छ । दलितहरू हिन्दू धर्मावलम्बी हुँदाहुँदैपनि तिनीहरूलाई मन्दिर प्रवेश गर्न, पुजा पाठ तथा अन्य धार्मिक संस्कार गर्न प्रतिबन्ध लगाएको छ । हिन्दू मन्दिरमा पुजारी बन्ने शिक्षा केबल ब्राम्हणलाई मात्र उपलब्ध छ, दलितले पनि त्यस्तो शिक्षा पाउनु पर्छ भन्ने सवालमा सरकार उदासिन देखिन्छ (DNF, 1998) ।

दलितहरू समाजमा पछि पर्नुमा प्रमुख कारण गरिबी र विद्यमान जातीय विभेदीकरणको परम्परागत अभ्यास रहेको, दलितहरू समाजका अन्य जाति जस्तै ब्राम्हण र क्षेत्रीहरूको अधिनमा रहेको, माथिल्लो जातिमा गनिनेहरूले विवेकरहित विभेदीकरणलाई मान्यता दिने गरेका जस्ता कारणहरूले गर्दा दलित समुदाय समाजमा पछि परेको देखिन्छ (Shrestha, 2001)।

नेपाली समाजमा छुवाछुतको कुरा गर्दा अझै पनि कैयन ग्रामीण क्षेत्रमा माथिल्ला जातिले दलितहरूलाई छुँदैनन् केही गरी छोइहाले भने सुनपानी छर्केर 'शुद्ध' पार्छन, उनीहरुलाई घरभित्र प्रवेश गर्न दिइँदैन, कथित माथिल्ला जातले प्रयोग गर्ने कुवा इनार छुन दिईदैन । होटलहरूमा चिया खाँदा गिलास उनीहरूलाई नै माझ्न लगाइने गरिन्छ (श्रेष्ठ, २०६१) ।

एक अध्ययनमा कानूनद्वारा छुवाछुतलाई अपराध मानी दण्डनीय गरिएको भएपनि छुवाछुतको अभ्यास नेपाली समाजमा निरन्तर भइरहने संस्कारको रूपमा देखिएको र यसका लागि राज्यव्यवस्था सबभन्दा बढी जिम्मेवार रहेको आमजनतामा चेतनाको कमी, गरिबी व्याप्त हुनु र जिम्मेवार शिक्षित नागरिकहरूबाट छुवाछुत उन्मुलनका लागि कर्तव्यवोध नहुनु यसका थप कारक तत्वको रूपमा रहेको उल्लेख गरिएको छ (अल्हुरेड्स नेपाल र अरु, २००३) ।

नेपालमा विभिन्न किसिमका जातजातिकहरूको बसोबास रहेको छ भने ती जातिहरूमा जातिपातिका आधाारमा विभिन्न किसिमका २०५ प्रकारका विविधताहरू रहेकाछन्: जसअनुसार ५४ प्रकारका विविधताहरू अस्वीकृत (denial) सँग सम्बन्धित छन् भने १० सार्वजनिक स्थानमा पस्नेसँग सम्बन्धित छन् । यसैगरी १४ सेवा सम्बन्धी, १० रिश्तादारी, ३ नाता र १४ सहभागिता सम्बन्धी रहेका छन् । यसैगरी ३६ प्रतिशत नेपाली जनताहरूलाई कानूनी प्रावधान, साधन र जातमा विविधताको लागि दण्ड र सजाय गर्ने बारेमा कुनै ज्ञान नभएको उल्लेख गरेका छन् । डोटी जिल्लाको दुर्गामान्डु प्रा.वि. का दलित विद्यार्थीले सरकारद्वारा उपलब्ध गराइने पोषणयुक्त खाना लिनको लागि अलग पंक्तिमा उभिनु पर्ने कुरा राजभण्डारीले उल्लेख गरेका छन् । यसका साथै सरकारले दलित र

गैरदलितलाई पानीखाने कुवाको लागि अलग-अलग रकम छुट्याट्एको र जि.वि.स. तथा गा.वि.स.ले ललितपुर जिल्लाको गोदावरी गा.वि.स.मातल्लो जात र उपल्लो जातको लागि अलग-अलग धाराको निर्माण गरेको, सार्वजनिक कुवा र धारा छोएकोमा दलितहरूले यातना भोग्न परेको समेत उल्लेख गरेका छन् (Raj bhandari, 2060) ।

## २.३ दलितहरूको शैक्षिक अवस्था

कुनैपनि व्यक्तिको चौतर्फी विकासका लागि शिक्षाले गहनतम भूमिका खेलेको हुन्छ । तर सामाजिक, आर्थिक, राजनैतिक विकासको आधारको रूपमा रहेको शिक्षाले सबै जातजाति, भाषाभाषी, धर्म सम्प्रदायका व्यक्तिहरूलाई छुन सकेको छैन । अझ यसमा पनि शिक्षा दलित वर्गको पहुँच भन्दा टाढा रहेको छ । अधिकांश दलित बालबालिकाहरू प्रारम्भिक शिक्षाबाट वञ्चित भएका छन् । कतिपय जिल्लाहरूमा दलितको साक्षरता स्थिती राष्ट्रिय मापदण्ड भन्दा कमी छ । दलित अभिभावकहरू गरिबी, चेतनाको कमी, छुवाछुत जस्ता कारणले गर्दा आफ्ना छोराछोरीलाई शिक्षा दिन सकिरहेका छैनन् । यसै सन्दर्भमा जोशीले गरेको एक अध्ययनमा दमाईहरूको शैक्षिक स्तर राष्ट्रिय औसत भन्दा तल नरहेपनि एस. एल. सी पास गर्नेहरूको संख्या शून्य रहेको, साक्षर दमाईहरू ४,५ वर्षको लागि मात्र स्कुल जाने, निरक्षरताको अनुपात पुरुषमा भन्दा महिलामा उच्च रहेको र उनीहरूले आफ्ना छोराछोरीलाई शिक्षा दिन नसक्नुमा गरिबी भएको उल्लेख छ (Joshi, 1999) । यसै सन्दर्भमा (Acharya, 1999) ले सार्कीहरूले सचेतना कमीको कारण, आर्थिक अभावको कारण आफ्ना छोराछोरीलाई शिक्षा दिन नसकेको र छोराछोरीले पनि १० वर्षका पुगेपछि विद्यालय छाड्ने गरेको उल्लेख गरेका छन् । यसैगरी (Basnet, 2001) ले सार्कीहरूको शिक्षामा पहुँच कम भएतापनि केटाकेटीहरू स्कूल जान थालेको तर गरिबीको कारणले शिक्षालाई निरन्तरता दिन नसकेको, शिक्षामा सहभागिता महिलामा भन्दा पुरुषमा उच्च भएको, ५ देखि १४ वर्ष उमेरसमूहका केटाकेटीहरू मध्ये स्कूल नजानेमा बढी केटीहरू रहेको, दैनिक जीविकोपार्जनको लागि आर्थिक क्रियाकलापमा संलग्न

हुनुपर्ने कारणले विद्यालय छाड्नुपरेको र उच्च जातका केटाकेटीले गर्ने भेदभाव र शिक्षकहरूको दबावका कारणले विद्यालय छाड्ने गरेको उल्लेख गरेका छन् । यसैगरी (Koirala, 1996) को अध्ययनले गोर्खाका दलितहरूको शिक्षा दीक्षाको स्थिति विश्लेषण गरेको छ । जसअनुसार एकातर्फ दलितहरुमा विद्यालयमा शिक्षा हासिल गर्ने कार्यमा विस्तार भएको विद्यालयले सामाजिक गतिशीलता सुनिश्चित गरेको, अर्थोपार्जन गर्ने बाटोको पहिचान गराएको उल्लेख छ भने अर्को तर्फ विद्यालयबाट केही दलितहरुले फाइदा लिन नसकेकाले नेपालका दलितहरुको लागि विद्यालयलाई उपयोगी बनाउनकोलागि वर्तमान विद्यालय व्यवस्थामा निश्चित पुर्नसमायोजन गर्नुपर्ने कुरामा समेत स्पष्ट पारिएको छ । त्यसैगरी (Rai, 2003) ले गरेको एक अध्ययनमा दलित बालबालिकाको घर र विद्यालयको संस्कृति बीचमा देखिएको भिन्नताका कारण दलित बालबालिकाको सिकाइ प्रक्रियामा थुप्रै समस्या र मुद्दाहरू उब्जेको देखाइएको छ । संस्कृतिको भिन्नता वा अनिरन्तरताले गर्दा दलित बालबालिकाले विद्यालयमा अनुकूल वातावरण भेटाएका छैनन् र यो् कुरालाई विद्यालयले त्यति महत्वका साथ हेरेको पनि छैन । विद्यालयले दलित केटाकेटीको समस्यालाई पहिचान गर्ने र घटाउने कार्यको भूमिका निर्वाह गर्न नसकेको अध्ययनले देखाएको छ ।

CERID (1998) द्वारा प्रस्तुत प्रतिवेदनमा पिछडिएका समुदायका केटाकेटीले विद्यालय छाड्ने कारण प्रस्तुत गरिएको छ । जसअनुसार विद्यार्थीको लागि विद्यालयको वातावरण उचित नहुनु, शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित नहुनु, शिक्षाबाट तुरुन्तै फाइदा नपाइनु, श्रव्य-दृष्य र शैक्षिक सामग्रीको कमी र अनुपलब्धता, ग्रामीण केटाकेटीको लागि विद्यालय समय उचित नहुनु, गाउँका केटाकेटीहरू कमजोर स्वास्थ्य र कुपोषणबाट पीडित हुनु, केटाकेटीलाई समूहमा समायोजन हुन समस्या पर्नु, परिवारमा सिजनल बसाइँ सराइँ हुनु जस्ता पक्षहरूलाई समेटिएको छ ।

नेपाली समाजमा अझैपनि उत्पीडित दलित समुदायका बालबालिकाहरूलाई विद्यालयमा पठन पाठन गर्न उचित वातावरण सृजना हुन सकेको छैन । छोइछिटो हाल्ने चलन, संस्कृत पाठशालामा पढ्न नपाउने जस्ता कुराहरू अहिले पनि विद्यमान छ । गरिब, निमुखा दलित विद्यार्थीहरूलाई राज्य पक्षले प्रर्याप्तरूपमा स्रोतसाधन उपलब्ध नगराई हतोत्साही बनाएको छ । एकातर्फ योग्य एवं दक्षताका आधारमा मूल्याङ्कन तथा प्रोत्साहनको सवालमा भेदभाव गरिएको अवस्था छ भने अर्कोतर्फ कक्षामा दलित विद्यार्थीहरूलाई अलग्गै राखेर पढाइनु, खानेपानी कुवा, इनार र धारामा समेत बन्देज गरिएको छ (रीष्ट्रिय दलित आयोग, २०६०) ।

माथि उल्लेखित पूर्व अध्ययन कार्यहरूले यस शोधपत्रका अध्ययनकर्तालाई अध्ययनको पृष्ठभूमि तयार पार्न, समस्याकथन गर्ने, अध्ययनको परिसीमा तोक्न, सामग्री सङ्कलन एवं अध्ययन विधी छनोट गर्न तथा शोधपत्रको लेखनमा सहयोग पुऱ्याएका थिए ।

# अध्याय तीन

# अध्ययन विधि

यो अध्ययन सर्वेक्षण विधिमा आधारित भएकोले प्राप्त सूचनाहरूलाई गुणात्मक तथा संङ्ख्यात्मक रूपमा विश्लेषण गरिएको छ । यस अध्यायमा अध्ययन क्षेत्रको परिचय, अध्ययनको ढाँचा, नमूना छनोट तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको परिचय

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने महाकाली अञ्चलको एक प्रमुख जिल्ला बैतडी हो । यो जिल्ला २९° १९′ देखि २९° ४१′ उत्तरी अक्षांश र ८०° १५′ देखि ८०° ५४′ पूर्वी देशान्तरसम्म फैलिएको छ । यो जिल्ला समुद्र सतहबाट ३९० देखि २९५० मिटर उचाईसम्म अवस्थित छ । यस जिल्लाको कूल क्षेत्रफल १४५१.१३ वर्ग किलोमिटर रहेको छ । यो जिल्लाको पूर्वमा बझाङ्ग र डोटी जिल्लासँग, पश्चिममा भारतको उत्तराञ्चल प्रदेशसँग, उत्तरमा दार्चुला जिल्लासँग र दक्षिणमा डडेल्धुरा जिल्लासँग सिमाना जोडिएको छ ।

यस जिल्लामा २ वटा निर्वाचन क्षेत्र १३ वटा इलाकाहरू १ वटा नगरपालिका र ६२ वटा गा. वि.स. रहेका छन् । वि.सं २०५८ को जनगणनाअनुसार यहाँको कूल जनसंख्या २,३४,४१८ जना मध्ये पुरुषको संख्या १,१३,५३८ र महिलाको संख्या १,२०,८८० जना, घरधुरी संख्या ४०३८६, औषत परिवार संख्या ५.८४ जना, जनघनत्व १३४ प्रतिवर्ग कि.मि र जनसंख्या बृद्धिदर १.५८ रहेको छ (जिल्ला विकास योजना, आ. व. ०६४/६५) । यस जिल्लाको संसदीय निर्वाचन क्षेत्र नं. १ अन्तर्गत पर्ने विभिन्न गा.वि.स. हरूमध्ये सकार गा.वि.स. पनि एक हो । यस गा.वि.स.को कूल जनसंख्या ३४०१ छ । त्यसमध्ये दलितको जनसंख्या ७८५ र अन्य जातिको जनसंख्या २६१६ रहेको छ (के.त.वि., २०५८) । यस गा.वि.स.को जातिगत वितरण तालिकामा देखाइएइको छ ।

**तालिका नं ३.१**

**सकार गा.वि.स. को जातिगत विवरण २०५८**

| ब्राम्हण | ठकुरी | क्षेत्री | विश्वकर्मा | दमाई | जात नखुलेको | अन्य |
|---|---|---|---|---|---|---|
| १६९२ | ५४६ | ३०४ | ७३२ | ५३ | ७० | ४ |

स्रोत: जिल्ला एक चिनारी के.त.वि, २०५८ ।

## ३.२. अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । वर्णनात्मक ढाँचामार्फत क्षेत्रअध्ययनका क्रममा लिइएको अर्न्तवार्ता र समूह छलफलबाट प्राप्त तथ्याङ्कलाई जस्ताको त्यस्तै वर्णन गरिएको छ ।

यस अध्ययनका लागि बैतडी जिल्लाको सकार गा.वि.स.का प्राथमिक विद्यालयलमा अध्ययनरत दलित तथा गैर दलित विद्यार्थीको संङ्ख्या कक्षामा उपस्थिति, दलित विद्यार्थीको कक्षा र विद्यालय क्रियाकलापमा सहभागिता दरलाई संख्यात्मक तथ्याङ्कको रूपमा संकलन गरिएको थियो भने असंरचित अर्न्तवार्ता, समूह छलफल र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई गुणत्मक रूपबाट संकलनगरी व्याख्या गरिएको थियो । यस अध्ययनको लागि प्राथमिक र सहायक स्रोतबाट तथ्याङ्क लिइएको थियो ।

### क. प्राथमिक स्रोत

बैतडी जिल्लाको सकार गा.वि.स.अन्तर्गतका प्राथमिक विद्यालयका प्रधानाध्यापक, शिक्षक-शिक्षिका, दलित विद्यार्थी, दलित अभिभावकहरू तथा विद्यालय अभिलेखलाई यस अध्ययनका प्राथमिक स्रोत मानिएका थिए ।

### ख. सहायक स्रोत

केन्द्रीय तथ्याङ्क विभाग, पुराना अध्ययन प्रतिवेदन, शोधपत्र, सरकारी तथा गैरसरकारी संघ संस्थाद्वारा प्रकाशित स्मारिका र पत्रपत्रिकालाई सहायक स्रोतको रूपमा लिइएको थियो ।

## ३.३ नमूना छनौट

कुनैपनि विषयका बारेमा अध्ययन गर्दा त्यससँग सम्बन्धित सम्पूर्ण तथ्याङ्कलाई संलग्न गरी अध्ययन गर्न कठिन हुन्छ । त्यसकारण नमूना छनोट गरी अध्ययन तथा अनुसन्धान गरिन्छ । यस अध्ययनको लागि नमूना छनोट गर्दा सम्भावना रहित नमूना ढाँचा (Non-Probability Sampling Design) अन्तर्गत उद्देश्यपूर्ण विधि (Purposive sampling method) प्रयोग गरी विद्यायलय छनोट गरिएको थियो । यसै विधिको प्रयोग गरी अध्ययनका लागि आवश्यक पर्ने प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक तथा कक्षाहरू छनोट गरिएको थियो ।

### विद्यालय

यस अध्ययनको लागि बैतडी जिल्ला अन्तर्गत सकार गा.वि.स. भित्र रहेका सम्पूर्ण ५ वटै प्राथमिक विद्यालयलाई उद्देश्यपूर्ण नमूना छनोटका आधारमा लिइएको थियो ।

**तालिका नं ३.२**

**छानिएका विद्यालयहरूको नाम र ठेगाना**

| विद्यालयको नाम | ठेगाना |
|---|---|
| श्री कालिका प्राथमिक विद्यालय | पलेंटा, सकार ५ |
| श्री भूमिराज प्राथमिक विद्यालय | बाटुलासौं, सकार ७ |
| श्री सरस्वती प्राथमिक विद्यालय | गुत्थडी, सकार ८ |
| श्री जनता प्राथमिक विद्यालय | पोखरी, सकार ९ |
| श्री कैलाश प्राथमिक विद्यालय | डडसिली, सकार ४ |

**प्र. अ. तथा शिक्षक**

छानिएका विद्यालयमा कार्यरत सबै प्र.अ. तथा शिक्षकहरूलाई नमूनाको रूपमा छनोट गरिएको थियो ।

**विद्यार्थी**

छनोटमा परेका विद्यालयबाट प्रत्येक कक्षाका २-२ जना कक्षामा बढी अनियमित दलित विद्यार्थीहरूलाई अध्ययनका लागि छनोट गरिएको थियो ।

**अभिभावक**

छनोटमा परेका दलित विद्यार्थीहरूका एक-एक जना अभिभावकलाई अध्ययनका लागि स्वतः लिइएको थियो ।

**कक्षा**

शिक्षकले दलित विद्यार्थीलाई गर्ने व्यवहार र दलित र गैरदलित विद्यार्थीबीचको व्यवहार अवलोकन गर्नको लागि छनोटमा परेका प्रत्येक विद्यालयका ४-४ ओटा गरी जम्मा २० ओटा कक्षा अवलोकनका लागि उद्देश्यपूर्ण विधिद्वारा छनोट गरिएको थियो ।

## ३.४ साधनहरूको निर्माण

यस अध्ययनको लागि तथ्याङ्क संकलन गर्न निम्नलिखित साधनहरूको निमार्ण गरिएको थियो ।

**विद्यार्थी अभिलेख फाराम**

छनोटमा परेका विद्यालयमा अध्ययन गर्ने दलित र गैर दलित विद्यार्थीहरूको विद्यालयमा भर्ना र उपस्थितिको अवस्था हेर्नको लागि तयार पारिएको फारामलाई यस अध्ययनमा विद्यार्थी अभिलेख फाराम भनिएको छ । कक्षा १ देखि ५ सम्म वि.सं. २०६४ मा भर्ना भएका दलित र गैर दलित विद्यार्थीको संख्या, लिङ्ग र उपस्थिति सम्बन्धी तथ्याङ्क संकलन गर्न यस फारामको निर्माण र प्रयोग गरिएको थियो (अनुसूची १, २) ।

## रुजु सूची

कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा दलित विद्यार्थीहरूको सहभागिता अवलोकन गर्नको लागि निर्माण गरिएको फारामलाई यस अध्ययनमा रुजु सूची भनिएकोछ । दलित विद्यार्थीले शिक्षण सिकाइका क्रममा कक्षाक्रियाकलाप तथा विद्यालयमा हुने अन्य अतिरिक्त क्रियाकलापको अवलोकन गरी सूचना संकलन गर्नको लागि रुजु सूचीको निर्माण गरिएको थियो (अनुसूची ३) ।

## असंरचित अर्न्तवार्ता र समूह छलफल निर्देशिका

असंरचित अर्न्तवार्ता र समूह छलफल निर्देशिका प्रश्नहरूको एउटा त्यस्तो सूची हो जसको आधारमा अनुसन्धानकर्ताले आफ्ना लागि आवश्यक सूचना संकलन गर्न सक्दछ । त्यसैले असंरचित अर्न्तवार्ता र समूह छलफल निर्देशिकाको प्रयोग गरी प्रधानाध्यापक र शिक्षक तथा दलित विद्यार्थी र दलित अभिभावकहरुसँग आवश्यक जानकारी लिनका लागि निर्माण गरिएको थियो । शिक्षक र प्रधानाध्यापकसँग विद्यालयमा दलित विद्यार्थीको भर्ना र उपस्थिति, दलित र गैरदलित विद्यार्थीबीचको सम्बन्ध, विभिन्न शैक्षिक कार्यमा दलित र गैर दलित विद्यार्थीहरूबीचमा समानता र भिन्नता, दलित विद्यार्थीहरूलाई सिकाइमा उत्प्रेरित गर्न शिक्षकले खेल्नुपर्ने भूमिका, शिक्षकले दलित विद्यार्थीहरू प्रति गर्ने व्यवहार दलित विद्यार्थीहरूलाई विद्यालय सहभागितामा वाधापर्ने तत्वहरू र ती समस्या समाधानका उपाय आदिका बारेमा जानकारी लिइएको थियो भने दलित विद्यार्थी र दलित अभिभावकसँग विद्यालयमा शिक्षक र गैरदलित विद्यार्थीले दलित विद्यार्थीप्रति गर्ने व्यवहार, दलित अभिभावक र शिक्षकहरूबीचको सम्बन्ध, दलित अभिभावकको पेशा र आर्थिक अवस्था, जातकै कारणले दलितले शिक्षा प्राप्तीमा भोग्नुपरेका कठिनाई, विद्यालयमा दलित विद्यार्थी कम सहभागी हुनुका कारण तथा विद्यालयमा दलित विद्यार्थीको सहभागीता बढाउने उपायहरू आदिका बारेमा जानकारी लिइएको थियो । जसको नमूना (अनुसूची ४, ५, ६ र ७) मा दिइएको छ ।

## ३.५. साधनको वैधानिकरण

यस अध्ययनसँग सम्बन्धित विषयवस्तुका सम्बन्धमा पूर्व अध्ययन गरिएका शोधपत्र र अनुसन्धान प्रतिवेदनको अध्ययन गरी शोधको उद्देश्यमा आधारित रही अनुसन्धान सामग्रीहरूलाई निर्माण गरिएको थियो । प्रथम पटक तयार गरिएका अध्ययन सामग्रीहरू शोध निर्देशक ज्यूको राय-सुझाव र सल्लाह लिई संशोधन गरिएको थियो । पूननिर्मित सामग्रीलाई सहपाठीहरूमा परीक्षण गरी उनीहरूको सल्लाहअनुसार आवश्यक परिमार्जन गरी संशोधन गरिएको थियो । त्यस सामग्रीलाई कालिका प्राथमिक विद्यालय सकारका शिक्षक, प्रधानाध्यापक, दलित विद्यार्थी र दलित अभिभावकमा पूर्व परीक्षण गरी आवश्यक संशोधनपश्चात् सामग्रीलाई वैधता कायम गरिएको थियो ।

## ३.६. तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनसँग सम्बन्धित तथ्याङ्क संकलन गर्न विद्यालयहरू तथा अभिभावकहरुको घरमा अनुसन्धानकर्ता स्वयम् उपस्थित भई तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलन गर्न सर्वप्रथम छनोट गरिएका विद्यालयमा गई सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरुसँग आवश्यक छलफल गरी आफूले सम्पन्न गर्ने अनुसन्धानका विषयमा जानकारी गराइएको थियो र त्यसपछि सम्बन्धित उत्तरदाताहरुसँग सम्पर्क गरी तथ्याङ्क संकलनका लागि निर्मित सामग्रीहरूको प्रयोग द्वारा उद्देश्यसँग सम्बन्धित संख्यात्मक र व्याख्यात्मक दुवै किसिमका तथ्याङ्कहरूप्राप्त गरिएको थियो । विद्यार्थी भर्ना र उपस्थितिसँग सम्बन्धित सम्पूर्ण तथ्याङ्कहरू विद्यालयमा उपलब्ध अभिलेखको आधारमा संकलन गरिएका थिए ।

प्रत्येक विद्यालयका प्रधानाध्यापकहरूसँग विद्यालयमा गई अर्न्तवार्ता निर्देशिकाको आधारमा छलफल गरी तथ्याङ्क संकलन गरिएको थियो भने प्रत्येक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरूको एउटा-एउटा समूह निर्माण गरी समूह छलफल गराएर आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । त्यसैगरी छनोटमा

परेका विद्यार्थीलाई भेटी अर्न्तर्वाता  निर्देशिकाको आधारमा छलफल गरी विद्यार्थीहरूसँग सम्बन्धित तथ्याङ्क प्राप्त गरिएको थियो भने छनोटमा परेका दलित विद्यार्थीका अभिभावकहरूसँग उनीहरूकै घरमा गई फुर्सदको समय मिलाएर अन्तर्वाता निर्देशिकाको आधारमा तथ्याङ्क संकलन गरिएको थियो । दलित विद्यार्थीको कक्षा  र विद्यालय क्रियाकलाप अवलोकन गर्ने क्रममा अध्ययनकर्ता आफै उपस्थित भई उद्देश्यसँग सम्बन्धित रहेर कक्षा र अतिरिक्त क्रियाकलाप अवलोकनबाट आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । अर्न्तर्वाता, समूह छलफल विद्यालय र कक्षा अवलोकनका साथै विद्यार्थी अभिलेख फारमको प्रयोग गरी स्वयम अध्ययनकर्ता अध्ययन क्षेत्रमा उपस्थित भई आवश्यक तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.७. तथ्याङ्कको विश्लेषण र व्याख्या

विद्यालय र कक्षाकोठा अवलोकन, अर्न्तवार्ता र समूह छलफलबाट प्राप्त सूचना एवं जानकारीहरूलाई गुणात्मक विधिद्वारा व्याख्या गरिएकोछ भने परिमाणात्मक तथ्याङ्कलाई तालिकिकरण, बहुस्तम्भ चित्र र प्रतिशतको उपयोग गरी विश्लेषण र व्याख्या गरिएको छ ।

# अध्याय चार

# तथ्याङ्कको विश्लेषण तथा व्याख्या

यस अध्ययनमा प्राथमिक विद्यालयमा दलित केटाकेटीहरूको सहभागिता के कति छ भनि लेखाजोखा गर्नुका साथै विद्यालयका प्राथमिक तहका जम्मा विद्यार्थी, दलित र गैरदलित केटा-केटी गरी छुट्टायाएको छ । यसैगरी दलित तथा गैरदलित विद्यार्थीको विद्यालय उपस्थिति, कक्षकोठा क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा दलित विद्यार्थीको संलग्नता, विद्यालयका शिक्षक र गैरदलित विद्यार्थीले दलित विद्यार्थीहरुप्रति गर्ने व्यवहार, दलित केटा-केटीको विद्यालय सहभागिता सम्बन्धी सम्स्याका कारणहरू पत्ता लगाउन प्र.अ. शिक्षक, दलित विद्यार्थीहरु, दलित विद्यार्थीका अभिभावकहरूसँग खुल्ला अर्न्तवार्ता, समूह छलफल र अवलोकन माध्यमबाट पाइएका जानकारी तथा अभिलेखहरूलाई विश्लेषण तथा व्याख्या गरिएको छ ।

## ४.१. सकार गा.वि.स. को जातिगत जनसंख्या विवरण

सकार गा. वि.स. मा विभिन्न जातजातिहरूको बसोबास रहेको छ । तिनै भिन्न-भिन्न जातजातिहरूलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.४.१**

**सकार गा. वि.स.को जातिगत जनसंख्या विवरण**

| क.सं | जात | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राम्हण | १६९२ | ४९.७५ |
| २. | ठकुरी | ५४६ | १६.०५ |
| ३. | क्षेत्री | ३०४ | ८.९३ |
| ४. | विश्वकर्मा | ७३२ | २१.५२ |
| ५. | दमाई | ५३ | १.५५ |
| ६. | जात नखुलेको | ७० | २.०५ |
| ७. | अन्य | ४ | ०.११ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०५८ ।

माथिको तालिका नं ४.१ लाई हेर्दा सकार गा.वि.स.मा ब्राम्हणको जनसंख्या सबभन्दा बढी (५०%) रहेको देखिन्छ भने दलितको जनसंख्या २३ प्रतिशत रहेको देखिन्छ । यसैगरी १६ प्रतिशत ठकुरी र १० प्रतिशत क्षेत्रीको जनसंख्या रहेको पाइयो । यसबाहेक २ प्रतिशत जात नखुलेको र अन्य जातिको जनसंख्या रहेको देखिन्छ । यस तथ्यबाट गैरदलितको तुलनामा दलितको जनसंख्या कम रहेको पाइयो ।

## ४.२ सकार गा.वि.स.का प्राथमिक विद्यालयमा दलित र गैर दलित विद्यार्थी भर्ना विवरण

शिक्षा प्रणालीमा विद्यार्थी एउटा महत्वपूर्ण अंग हो । विद्यार्थीलाई शिक्षा प्रणालीको आगत (Input) पक्षमा समावेश गरिन्छ । शिक्षाको प्रगति र मूल्याङ्कन पनि यसैमा निर्भर रहन्छ । विद्यालयको शैक्षिक स्तरलाई हेर्दा सर्वप्रथम विद्यार्थीलाई हेर्ने गरिन्छ ।


**तालिका नं. ४.२**


**प्राथमिक विद्यालयमा दलित र गैर दलित विद्यार्थी भर्ना विवरण**

| | दलित | | | गैरदलित | | |
|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | ४२ (५९%) | २९ (४१%) | ७१ (२६%) | ९२ (४६%) | ११० (५४%) | २०२ (७४%) |
| २. | १२ (४४%) | १५ (५६%) | २७ (२३%) | ५४ (५९%) | ३८ (४१%) | ९२ (७७%) |
| ३. | ९ (४७%) | १० (५३%) | १९ (२१%) | ३१ (४२%) | ४२ (५८%) | ७३ (७९%) |
| ४. | १३ (६८%) | ६ (३२%) | १९ (१६%) | ४६ (४६%) | ५३ (५४) | ९९ (८४%) |
| ५. | ६ (३३%) | १२ (६६%) | १८ (१९%) | ३५ (४५%) | ४३ (५५%) | ७८ (८१%) |
| जम्मा | ८२ (५३%) | ७२ (४७%) | १५४ (२२%) | २५८ (४७%) | २८६ (५३%) | ५४४ (७८%) |

स्रोत: विद्यालयहरूको अभिलेख, शैक्षिकसत्र २०६४ ।

# बहुस्तम्भ रेखाचित्र



माथिको तालिका वा बहुस्तम्भ रेखाचित्रबाट के स्पष्ट हुन्छ भने सकार गा.वि.स. का प्राथमिक विद्यालयमा शैक्षिकसत्र २०६४ को भर्ना स्थितिलाई दलित र गैरदलित छुट्याएर छात्र छात्राको अलग अलग अध्ययन गर्दा गैरदलितको तुलनामा दलितको भर्ना कम रहेको पाइयो । त्यसैगरी दलित विद्यार्थीमा छात्रको भन्दा छात्राको भर्ना दर कम रहेको देखिन्छ भने गैरदलित विद्यार्थीहरूमा छात्रको भन्दा छात्राको भर्नादर बढी रहेको पाइयो । कक्षा १ मा जति दलितहरु भर्ना भएका छन्, कक्षा बढ्दै गए अनुसार भर्ना प्रतिशत घट्दै गएको पाइयो ।

## ४.३. दलित र गैरदलित विद्यार्थीको विद्यालय उपस्थिति

दलित र गैरदलित विद्यार्थीहरूको विद्यालय उपस्थिति पत्ता लगाउन शैक्षिक सत्र २०६३ सालको विद्यालयको हाजिरी अभिलेखको आधारमा अध्ययन क्षेत्रका प्रत्येक विद्यालयको कक्षागत मासिक उपस्थिति जोडी औषत उपस्थिति निकालिएको छ । शिक्षा नियमावली २०५९, परिच्छेद १५ नियम ८४ को उपनियम ५ मा विद्यालयको एक शैक्षिक सत्रमा काम गर्नु पर्ने (विद्यालय खोल्नु पर्ने) दिन कम्तिमा २२० तोकेको छ । साधारणतया एक शैक्षिक सत्र भरिमा १८० दिन विद्यालयमा पढाइ हुनुपर्नेमा अध्ययन क्षेत्रका प्राथमिक विद्यालयमा कममा १९५ दिन र बढीमा २०५ दिन पढाई भएको पाइयो । जुन नियमभन्दा बढी नै छ । नेपाल सरकारको नियम अनुसार अध्ययन क्षेत्रमा विद्यालय खुल्ने र पढाइ हुने दिनमा एक रूपता पाइएन । सो सम्बन्धमा प्र.अ.हरूसँग छलफल गर्दा समय समयमा हुने नेपाल बन्द र शैक्षिक हडतालको असर, विद्यालयसँग सम्बन्धित गन्यमान्य व्यक्तिको निधन, स्थानीय पर्व जस्ता कुराहरूले विद्यालय खुल्ने दिन र पढाई हुने दिनमा फरक परेको पाइयो । त्यसैगरी शिक्षकले हडतालको बेलामा पनि हाजिर गर्ने र उत्तर पुस्तिका परीक्षणको समयमा विद्यालय खोल्नाले विद्यालय खुल्ने र पढाई हुने दिनमा फरक परेको पाइयो ।

अध्ययन क्षेत्रका प्राथमिक विद्यालयमा दलित र गैर दलित विद्यार्थीहरूको विद्यालयमा वार्षिक उपस्थितिको अवस्था निम्न अनुसार रहेको छः

## तालिका नं. ४.३


## दलित र गैरदलित विद्यार्थीहरूको विद्यालयमा औषत वार्षिक उपस्थिति

) **विद्यालयमा पढाइ भएको जम्मा औसत दिन २००**

| कक्षा | उपस्थिति दिन | | | | | |
|---|---|---|---|---|---|---|
| | दलित विद्यार्थी | | | गैरदलित विद्यार्थी | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | १३६f६८µ A | १३२f६६µ A | २६८(६७%) | १४२f७१µ A | १३८f६९µ A | २८०(७०%) |
| २ | १४२f७१µ A | १३८f६९µ A | २८०(७०%) | १४८f७४µ A | १४४f७२µ A | २९२(७३%) |
| ३ | १४४f७२µ A | १४२f७१µ A | २८६(७१%) | १५४f७७µ A | १४८f७४µ A | ३०२(७५%) |
| ४ | १५२f७६µ A | १५०f७५µ A | ३०२(७५%) | १६०f८०µ A | १५६f७८µ A | ३१६(७९%) |
| ५ | १५६f७८µ A | १५२f७६µ A | ३०८(७७%) | १६८f८४µ A | १६४f८२µ A | ३३२(८३%) |
| **जम्मा औषत** | १४६(७३%) | १४३(७२%) | २८९(७२%) | १५४(७७%) | १५०(७५%) | ३०४(७६%) |

स्रोत: विद्यालयको हाजिरी अभिलेख २०६३ ।

## दलित र गैर दलित विद्यार्थीहरुको औसत विद्यालय उपस्थिति



माथिको तालिका (रेखाचित्र) अनुसार विद्यालयमा दलित र गैर दलित दुबै समूहका छात्रछात्राको विद्यालय उपस्थिति हेर्दा कक्षागत रूपमा उपस्थिति प्रतिशत बढ्दो क्रममा रहेको देखिन्छ जसअनुसार दलित छात्र छात्राको औषत उपस्थिति ७२.५% रहेको पाइयो भने गैर दलित छात्रछात्राको औषत उपस्थिति ७६% रहेको पाइयो । दलित छात्रको सबभन्दा बढी उपस्थिति ७८% कक्षा ५ मा देखिन्छ भने छात्राको सबभन्दा बढी उपस्थिति ७६% कक्षा ५ मै देखिन्छ । गैर दलित छात्रछात्रामा पनि अन्य कक्षाको तुलनामा कक्षा ५ मा उपस्थिति बढी देखिन्छ । त्यसैगरी प्रत्येक कक्षामा कक्षामा गैर दलित छात्रछात्राको तुलनामा दलित छात्रछात्राको उपस्थिति कम रहेको पाइयो । दलित र गैर दलित दुवै समूहका छात्रभन्दा छात्राको उपस्थिति कम रहेको पाइयो ।

## ४.४ दलित र गैरदलित विद्यार्थीहरूको कक्षा र विद्यालय क्रियाकलापमा सहभागिता

शिक्षाले विद्यार्थीलाई सैद्धान्तिक ज्ञान प्रदान गर्नुका साथसाथै व्यवहारिक ज्ञान प्रदान गरी परिश्रमी, अनुशासित र लगनशील बनाउनु पर्दछ । अध्ययन क्षेत्रका दलित र गैरदलित विद्यार्थीहरूको कक्षा र विद्यालय क्रियाकलापमा कस्तो सहभागिता छ भन्ने कुराको जानकारी लिन क्षेत्र अवलोकन गरी रुजु सूचीको प्रयोग गरिएको थियो (अनुसूची ३ हेर्नुहोस्) । अवलोकन कार्य ५ वटै विद्यालयमा कक्षा २ देखि  ५ सम्म प्रत्येक विद्यालयका ४-४ ओटा गरी जम्मा २० वटा कक्षाकोठा क्रियाकलाप तथा प्रत्येक विद्यालयका २-२ वटा गरी जम्मा १० वटा अतिरिक्त क्रियाकलापलाई आधार मानि गरिएको थियो ।

**तालिका नं ४.४**

**दलित र गैरदलित विद्यार्थीको अवलोकनको क्रममा उपस्थिति संख्या**

| विवरण | दलित विद्यार्थी | गैरदलित विद्यार्थी | जम्मा |
|---|---|---|---|
| जम्मा विद्यार्थी संख्या | ७८ | ३२५ | ४०३ |
| अवलोकनका दिनको विद्यार्थी | ६७ (८६%) | २९३ (९०%) | ३६०(८९%) |

माथिको तालिकालाई हेर्दा अवलोकन गरिएको कक्षाकोठामा दलित र गैरदलित विद्यार्थीको जम्मा संख्या ४०३ रहेकोमा अवलोकन गरिएको दिनमा ८९ प्रतिशत विद्यार्थीमात्र कक्षामा उपस्थिति रहेको पाइयो । जम्मा दलित विद्यार्थीहरूमध्ये अवलोकन गरिएको दिनमा ८६ प्रतिशत उपस्थिति पाइयो भने गैरदलित विद्यार्थीहरू मध्ये ९०% विद्यार्थीहरू उपस्थिति भएको पाइयो । यसबाट के देखियो भने गैरदलितको तुलनामा दलित विद्यार्थीहरू कम मात्रामा विद्यालय जाने गरेको पाइयो ।

कक्षा अवलोकनको क्रममा उपस्थित भएका दलित र गैर दलित विद्यार्थीहरुको कक्षा क्रियाकलाप र विद्यालय क्रियाकलापमा सहभागिता सम्बन्धमा अवलोकन गर्दा निम्नानुसारका कुराहरु पाइएका छन् :

**तालिका नं ४.५**

**दलित र गैरदलित विद्यार्थीको कक्षाकार्य गराइको अवस्था**

| कक्षा | दलित | | | गैरदलित | | |
|---|---|---|---|---|---|---|
| | गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| २ | ९(४५%) | ११(५५%) | २० | ५०(६५%) | २७(३५%) | ७७ |
| ३ | ७(४४%) | ९(५६%) | १६ | ४०(६५%) | २२(३५%) | ६२ |
| ४ | ७(४७%) | ८(५३%) | १५ | ५६(६५%) | ३०(३५%) | ८६ |
| ५ | ७(४४%) | ९(५६%) | १६ | ४४(६५%) | २४(३५%) | ६८ |
| जम्मा | ३०(४५%) | ३७(५५%) | ६७ | १९०(६५%) | १०३(३५%) | २९३ |

स्रोत : कक्षा अवलोकन

माथिको तालिका अनुसार दलित र गैर दलित दुवै समूहका विद्यार्थीहरुको कक्षा कार्य गराइको अवस्था अध्ययन गर्दा जम्मा दलित विद्यार्थीहरुमध्ये ४५

प्रतिशतले कक्षा कार्य गर्ने गरेको र ५५ प्रतिशत विद्यार्थीले कक्षा कार्य नगर्ने गरेको पाइयो । त्यसैगरी जम्मा गैर दलित विद्यार्थीहरुमध्ये ६५ प्रतिशतले कक्षा कार्य गर्ने र ३५ प्रतिशतले नगर्ने गरेको पाइयो । दुवै समूहका विद्यार्थीहरुमा तुलना गरी हेर्दा गैर दलितको तुलनामा कम मात्र दलित विद्यार्थीले कक्षा कार्य गर्ने गरेको पाइयो ।

**तालिका नं ४.६**

**दलित र गैरदलित विद्यार्थीको गृहकार्य गराइको अवस्था**

| कक्षा | दलित | | | गैरदलित | | |
|---|---|---|---|---|---|---|
| | गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| २ | ७(३५%) | १३(६५%) | २० | ४६(६०%) | ३१(४०%) | ७७ |
| ३ | ६(३७%) | १०(६२%) | १६ | २७(४४%) | २५(४०%) | ६२ |
| ४ | ५(३३%) | १०(६७%) | १५ | ५२(६०%) | ३४(४०%) | ८६ |
| ५ | ६(३७%) | १०(६२%) | १६ | ४१(६०%) | २७(४०%) | ६८ |
| जम्मा | २४(३५%) | ४३(६५%) | ६७ | १७६(६०%) | ११७(४०%) | २९३ |

स्रोत : कक्षा अवलोकन

माथिको तालिकालाई अध्ययन गर्दा जम्मा दलित विद्यार्थीहरुमध्ये ३५ प्रतिशतले गृहकार्य गर्ने गरेको र ६५ प्रतिशतले गृहकार्य नगर्ने गरेको पाइयो । त्यसैगरी जम्मा गैर दलित विद्यार्थीहरुमध्ये ६० प्रतिशतले गृहकार्य गर्ने र ४० प्रतिशतले नगर्ने गरेको पाइयो । दुवै समूहको तुलना गरी हेर्दा गैर दलितको तुलनामा कम मात्र दलित विद्यार्थीहरुले गृहकार्य गर्ने गरेको पाइयो ।

- कक्षा कार्य र गृहकार्य नगर्ने विद्यार्थीहरुसँग छलफल गर्दा नजानेर, घरमा फुर्सद नभएर, विर्सेर भन्नेजस्ता प्रतिक्रिया दिएको पाइयो ।

## तालिका नं ४.७

## दलित र गैरदलित विद्यार्थीमा कपी कलम लिएर विद्यालय आउनेको अवस्था

| कक्षा | दलित | | | गैरदलित | | |
|---|---|---|---|---|---|---|
| | ल्याउने | नल्याउने | जम्मा | ल्याउने | नल्याउने | जम्मा |
| २ | १८(९०%) | २(१०%) | २० | ७३(९५%) | ४(५%) | ७७ |
| ३ | १४(८७%) | २(१२%) | १६ | ५९(९५%) | ३(५%) | ६२ |
| ४ | १४(९३%) | १(६७%) | १५ | ८२(९५%) | ४(५%) | ८६ |
| ५ | १४(८७%) | २(१२%) | १६ | ६५(९५%) | ३(५%) | ६८ |
| जम्मा | ६०(९०%) | ७(१०%) | ६७ | २७९(९५%) | १४(५%) | २९३ |

स्रोत : कक्षा अवलोकन

माथिको तालिका अनुसार दलित र गैर दलित विद्यार्थीमा कपी कलम लिएर विद्यालय आउनेको अवस्था अध्ययन गर्दा जम्मा दलित विद्यार्थीहरु मध्ये ९० प्रतिशत विद्यार्थी कपी कलम लिएर विद्यालय आउने गरेको पाइयो भने १० प्रतिशत विद्यार्थी कपी कलम विना नै विद्यालय आउने गरेको पाइयो । त्यसै गरी जम्मा गैर दलित विद्यार्थीहरु मध्ये ९५ प्रतिशतले कपी कलम लिएर विद्यालय आउने गरेको र ५ प्रतिशत विद्यार्थी मात्र कपी कलम विना विद्यालय आउने गरेको पाइयो । दुवै समूहको तुलना गरी हेर्दा गैर दलितको तुलनामा बढी दलित विद्यार्थीहरु कपी कलम विना विद्यालय आउने गरेको पाइयो ।

## तालिका नं ४.८
## दलित र गैर दलित विद्यार्थीमा समय मै विद्यालय आउनेको अवस्था

| कक्षा | दलित | | | गैरदलित | | |
|---|---|---|---|---|---|---|
| | समय मै आउने | ढिलो आउने | जम्मा | समय मै आउने | ढिलो आउने | जम्मा |
| २ | १७(८५%) | ३(१५%) | २० | ६९(९०%) | ८(१०%) | ७७ |
| ३ | १४(८७%) | २(१३%) | १६ | ५६(९०%) | ६(१०%) | ६२ |
| ४ | १३(८७%) | २(१३%) | १५ | ७७(९०%) | ९(१०%) | ८६ |
| ५ | १३(८१%) | ३(१८%) | १६ | ६१(९०%) | ७(१०%) | ६८ |
| जम्मा | ५७(८५%) | १०(१५%) | ६७ | २६३(९०%) | ३०(१०%) | २९३ |

स्रोतः कक्षा अवलोकन

माथिको तालिकालाई हेर्दा जम्मा दलित विद्यार्थीहरुमध्ये ८५ प्रतिशत विद्यार्थी समयमै विद्यालय आउने गरेको पाइयो भने १५ प्रतिशत विद्यार्थी ढिलो गरी विद्यालय आउने गरेको पाइयो । त्यसैगरी जम्मा गैर दलित विद्यार्थीहरुमध्ये ९० प्रतिशत विद्यार्थीहरु समयमै विद्यालय आउने र १० प्रतिशत मात्र ढिलो गरी विद्यालय आउने गरेको पाइयो । दुवै समूहको तुलना गरी हेर्दा गैर दलित विद्यार्थीको तुलनामा बढी दलित विद्यार्थी ढिलो गरी विद्यालय आउने गरेको पाइयो ।

- कपी कलम विना र ढिलो गरी विद्यालय आउने विद्यार्थीका सम्बन्धमा प्र.अ.सँग प्रश्न गर्दा गरिवीको कारणले गर्दा समयमा कपी कलम र विद्यालय पोशाक किन्न नसकेकोले उनीहरु कपी कलम विना र ढिलो विद्यालय आउने गरेका हुन् भन्ने जस्ता प्रतिक्रिया दिएको पाइयो ।

❖ विद्यालयमा दलित विद्यार्थीको उपस्थिति गैरदलितको तुलनामा कम देखियो ( तालिका नं ४.३ हेर्नुहोस्) । गैरदलित विद्यार्थीले पढाई प्रति बढी रुचि राखेर विषयवस्तु माथि बढी ध्यान दिएको पाइयो भने दलित विद्यार्थीले पढाइप्रति कम ध्यान दिएको पाइयो ।

❖ दलित र गैरदलित विद्यार्थीमा तुलनागरी हेर्दा दलित विद्यार्थीले कक्षाकोठा छलफलमा सक्रिय सहभागी हुने, शिक्षकसँग प्रश्न सोध्ने र शिक्षकले सोधेका प्रश्नको उत्तर दिने कार्य गैरदलित विद्यार्थीको तुलनमा कम मात्रामा गरेको पाइयो । यस सम्बन्धी दलित विद्यार्थीहरूसँग छलफल गर्दा ४५ प्रतिशत दलित विद्यार्थीहरूले शिक्षकसँग प्रश्न सोध्न उत्तर दिन र साथीसँग छलफल गर्न लाज लाग्ने प्रतिक्रिया दिए भने बाँकी दलित विद्यार्थीले कुनै प्रतिक्रिया नै नदिएको पाइयो ।

❖ अवलोकनका क्रममा ६० प्रतिशत दलित विद्यार्थीहरू कक्षाकोठामा पछाडि बसेको पाइयो । यस सम्बन्धमा शिक्षकहरूसँग शोधपुछ गर्दा दलित विद्यार्थीमा आफूहरू तल्लो जातको 'नछुने' भएको भन्ने अवधारणाबाट प्रेरित भएकोले यस्तो गरेका हुन् भन्ने प्रतिक्रिया दिएको पाइयो ।

❖ अवलोकनका क्रममा दलित र गैरदलित विद्यार्थीहरू एउटै बेञ्चमा बसेर अध्ययनमा संलग्न भएको पाइयो । यस सम्बन्धी दलित विद्यार्थीसँग कुरा गर्दा कक्षामा दलित र गैरदलित विद्यार्थीबीच कुनै किसिमको भेदभाव नरेहेको भन्ने पाइयो । कक्षाकार्य पनि मिलिजुली गरेको पाइयो ।

❖ विद्यालय र अतिरिक्त क्रियाकलाप सम्बन्धी अवलोकन गर्दा दलित विद्यार्थीहरूले गैरदलित विद्यार्थीहरू सरह नै भाग लिएको पाइयो । दलित विद्यार्थीहरूले बौद्धिक क्रियाकलापमा भन्दा पनि विशेष गरेर शारीरिक क्रियाकलापहरू जस्तै : दौड्ने, उफ्रने, कपर्दी खेल्ने जस्ता खेलकुद कार्यमा बढी रुची राखेको पाइयो ।

## ४.५. शिक्षकहरुले दलितविद्यार्थीहरूप्रति गर्ने व्यवहार

बालबालिकाको पहिलो पाठशाला घर हो भने दोस्रो पाठशाला विद्यालय हो । अनौपचारिक शिक्षा घरबाट लिएपछि औपचारिक शिक्षाका लागि विद्यार्थी विद्यालयमा भर्ना हुन्छ । विद्यालयमा औपचारिक शिक्षा प्रदान गर्नमा शिक्षकहरूको गहन भूमिका रहेको हुन्छ । विद्यालयमा बालबालिकाहरूविभिन्न जातजाति संस्कृति, सम्प्रदाय र परिवेशबाट आएका हुन्छन् । तिनीहरूलाई सिकाइमा उत्प्रेरित गर्नु र बढीभन्दा बढी विद्यालयमा टिकाउनुमा शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले यस अध्ययनमा शिक्षहरूले दलित विद्यार्थीहरूप्रति गर्ने व्यवहार पत्ता लगाउन दलित विद्यार्थीहरूसँग अन्तरवार्ता निर्देशिकाको प्रयोग गरी अन्तरवार्ता छलफल गरिएको थियो । जसबाट निम्न जानकारी पाइयो-

अध्ययनको क्रममा दलित विद्यार्थीहरूले आफूहरूलाई विद्यालयका सबै शिक्षकहरू मनपर्ने कुरा बताएका थिए । सबै शिक्षकहरू मन पराउनको कारणमा शिक्षकले तल्लो जातका भनेर कुनै किसिमको भेदभाव र हेलाको व्यवहार नगर्ने, आफूहरूलाई गैर दलित विद्यार्थी सरह नै समान व्यवहार गर्ने, दलितको छोराछोरी भनेर नामाकरण नगर्ने, बोलाउदाँ वास्तविक नामनै प्रयोग गर्ने जस्ता प्रतिक्रिया दिएका थिए ।

तिमीलाई शिक्षकले विद्यालय र कक्षकोठामा कस्तो व्यवहार गर्छन भन्ने सन्दर्भमा शिक्षकहरूले कक्षाकोठामा गैरदलित विद्यार्थी सरहनै आफूलाई पनि प्रश्नोत्तर र छलफलमा संलग्न गराएको, कक्षामा गैरदलित विद्यार्थीसँगै बस्नलाई प्रेरित गराएको जस्ता प्रतिक्रिया दलित विद्यार्थीहरूबाट पाइयो । शिक्षकले दलित विद्यार्थीहरूलाई गृहकार्य गर्नमा प्रोत्साहित गरेको, दलित र गैरदलित विद्यार्थीले गरेको क्रियाकलापलाई समान रूपबाट मूल्याङ्कन गर्ने गरेको, कक्षाकोठा भित्रै गर्ने भनि दिएको कार्यलाई पनि समान रूपले जाँच गरी सो सम्बन्धमा देखिएका कमी कमजोरीहरू पहिल्याई दिएर सिकाइप्रति उत्प्रेरित गराउनको लागि सुधारोन्मूख सल्लाह सुझावहरू दिने गरेको भन्ने पाइयो । विद्यालयमा हुने गरेका अतिरिक्त क्रियाकलापमा दलित र गैरदलित विद्यार्थीबीचमा कुनै भेदभाव नराखी

समानरूपले भाग लिन प्रोत्साहित गरेको र दलित विद्यार्थीहरूलाई आफ्नो कला प्रस्तुत गर्न विशेष प्रोत्साहित गर्ने गरेको कुरा दलित विद्यार्थीहरुसँगको अर्न्तवार्ताबाट थाहा पाइयो । उपयुर्क्त प्रतिक्रियाबाट शिक्षकहरुले विद्यालय, कक्षा कोठा र सार्वजनिक स्थानमा दलित विद्यार्थीहरुलाई जातिपाति र छुवाछुतको नाममा कुनै किसिमको भेदभाव नगरेको पाइयो ।

## ४.६. गैरदलित विद्यार्थीहरूले दलित विद्यार्थीहरूप्रति गर्ने व्यवहार

विद्यालय, कक्षाकोठा र अन्य स्थानमा गैरदलित विद्यार्थीहरुले दलित विद्यार्थीहरूप्रति गर्ने व्यवहार पहिचान गर्नका लागि अन्तरवार्ता निर्देशिकाको उपयोग गरी दलित विद्यार्थीहरुसँग छलफल गरिएको थियो । जसबाट निम्न जानकारी प्राप्त भयो ।

अध्ययनको क्रममा छानिएका दलित विद्यार्थीहरूले विद्यालयमा आफ्नो जातका र उपल्लो जातका विद्यार्थीहरु आफ्नो साथीहरू भएको कुरा बताएका थिए । तिमीहरूलाई उपल्लो जातका साथीहरू मन पर्नाको कारण के हो भन्ने प्रश्नमा दलित विद्यार्थीहरूले गैरदलित जातका साथीहरूले आफूहरूलाई 'नछुने र छुन नहने जात' भनेर सानो वर्गको रूपमा व्यवहार नगर्ने र मानिस-मानिसबीच कुनै फरक छैन भन्ने भावना भएकोले भन्ने जस्ता प्रतिक्रिया दिएका थिए । तिमीहरूलाई गैरदलित विद्यार्थी साथीहरूले कक्षाकोठामा कस्तो व्यवहार गर्छन भन्ने प्रश्नमा कक्षामा उपल्लो जातका विद्यार्थीले कुनै नकारात्मक व्यवहार नगरेको, विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा समेत सामूहिक सहभागीता हुने गरेको कुरा उल्लेख गरेका थिए । त्यसैगरी फलफूल र चकलेट बाहेक अन्य खानेकुरा सामूहिक रूपमा नखाने गरेको कुरा बताएका थिए । विद्यालयमा कक्षाकोठा भित्र वा बाहिर हुने पठनपाठन कार्यमा गैरदलित विद्यार्थीले सहयोग गर्ने गरेको कुरा दलित विद्यार्थीहरूले अन्तरवार्ताको क्रममा वताएका थिए । त्यसैगरी तिमीहरूलाई उपल्लो जातका साथीहरूले आफ्नो घरमा लैजाने गर्छन कि गर्दैन भन्ने प्रश्नमा-गैरदलित विद्यार्थी साथीहरूले आफूहरूलाई उनीहरूको घरमा लैजान नचाहेको, घरमा लागेपनि बाहिरैबाट फर्कनु परेको जस्ता गुनासो पोखेका

थिए । यसै सन्दर्भमा तिमीहरूलाई किन गैरदलित साथीहरूले आफ्नो घरमा लैजान चाहदैनन् त भन्ने प्रश्नमा-हामीहरू सानो र तल्लो जातको भएकाले भन्ने जस्ता प्रतिक्रिया दिएका थिए ।

माथि प्रस्तुत भनाईबाट सामाजिक न्यायको सन्दर्भमा समाजमा दलित समुदायको अस्तित्व स्वीकार गर्न नसक्नुमा परम्परागत धारणामा पूर्णतया परिवर्तन नआइसकेको देखिन्छ ।

## ४.७. विद्यालयमा दलित विद्यार्थीहरूका लागि कार्यक्रम संचालन सम्बन्धी प्रतिक्रिया

अध्ययन क्षेत्रभित्रका विद्यालयका प्र.अ.हरूलाई दलितहरूको लागि कस्ता कस्ता कार्यक्रमहरू संचालन गर्नु भएको छ भन्ने प्रश्नमा -विद्यालयमा समय-समयमा विभिन्न कार्यक्रमहरू जस्तैः छात्रवृति कार्यक्रम, अतिरिक्त क्रियाकलाप कार्यक्रम, जनचेतना मूलक कार्यक्रमहरू संचालन हुँदै आइरहेका र यस्ता कार्यक्रमहरूमा सबै छात्र छात्रालाई समान अवसर दिएर सहभागी गराउँदा पनि दलितहरू सहभागी नुहेन गरेको, करकाप गरेर सहभागी गराउँदा पनि उत्साहित भएर भाग नलिने गरेको र लिएपनि उच्च उपलब्धी हासिल गर्न नसकेको कुरा सम्बन्धित प्र.अ.हरुले बताएका थिए ।

अध्ययन क्षेत्रका ५वटै विद्यालयमा कार्यक्रम संचालन सम्बन्धी अध्ययन गर्दा ४ वटा विद्यालयमा विभिन्न कार्यक्रम संचालन हुँदैआएको भन्ने प्र.अ.हरूको भनाइ पाइयो भने १ वटा विद्यालयमा छात्रवृत्ति कार्यक्रम मात्र संचालन गरेको र अरु कार्यक्रमहरूअहिलेसम्म संचालन गर्न नसकेको भन्ने भनाई पाइयो । यस्तो छात्रवृत्ति कार्यक्रम संचालन गर्दा पनि दलितहरू छात्रवृत्तिका लागि मात्र विद्यालय सहभागी हुने तर पठन पाठनका लागि भने खासै ध्यान नदिने कुरा विद्यालयका प्र.अ.ले बताएका थिए ।

## ४.८ दलित विद्यार्थीहरूको प्राथमिक विद्यालयमा सहभागिता सम्बन्धी समस्या

अध्ययन क्षेत्रका प्रत्येक विद्यालयका प्र.अ., शिक्षक/शिक्षिका तथा दलित अभिभावकहरूसँगको अन्तरवार्ता र छलफलका आधारमा दलित बालबालिकाहरूको प्राथमिक विद्यालयमा सहभागिता सम्बन्धी समस्याका बारेमा बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- दलित समूदायमा आफ्नो जग्गाजमीन कम भएको हुँदा गरिबीको कारण दलित बालबालिका पनि आर्यआर्ज गतिविधिमा संलग्न रहन्छन् । अभिभावकहरूले मात्र काम गरेर सम्पूर्ण परिवारका सदस्यहरूको लागि खान नपुग्ने हुँदा साना बालबालिका देखि परिवारका सबै सदस्यहरूले काम गर्नुपर्ने बाध्यता रहेको देखियो ।

- गरिबीको कारण विद्यालय पोशाक, भर्ना शुल्क, किताब कपी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रूपैया पैसा सापटी पाउन नसकेको कुरा दलित अभिभावकहरुसँगको अर्न्तवार्ताका क्रममा थाहा पाइयो ।

- अन्य क्षेत्र जस्तो शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुँदा दलितहरूछिट्टै आर्थिक लाभ हुने कामतिर आकर्षित भई शिक्षाप्रति वेवास्ता गरेको पाइयो । उनीहरू प्राय परम्परागत काममा र भारत तिर कम्पनीमा मजदुरी र चौकीदारी जस्ता काममा संलग्न रहेको पाइयो ।

- प्रायः धेरैजसो दलित अभिभावकहरू अशिक्षित भएको कारण उनीहरुले आफ्ना छोराछोरीहरूको शैक्षिक गतिविधिमा कम मात्र संलग्न भएको पाइयो । अभिभावकहरूमा चेतनाको कमीका कारण छोराछोरीको शिक्षामा कम मात्र ध्यान दिने गरेको पाइयो ।

- घरको काममा सम्पूर्ण परिवारको संलग्नता रहन्छ । त्यसैले दलित बालबालिकाहरू विद्यालयमा कम भर्ना हुने र बढी अनुपस्थित हुने गर्छन् । घरमा शैक्षिक वातावरणको अभाव छ । विद्यालय अनियमितताका कारण

राम्ररी अध्ययन गर्न पाउदैनन् । जसले गर्दा परीक्षामा अनुतिर्ण हुन पुग्दछन् । फलस्वरूप दलित विद्यार्थीहरूविद्यालयमा कम आउने गरेको पाइयो ।

- दलित समुदायमा पनि केटीलाई भन्दा केटालाई धेरै स्वतन्त्रता रहेको पाइयो । महिला अभिभावकहरू प्रायः अशिक्षित नै छन् । यसले गर्दा छोराछोरीमा समान व्यवहार पाइदैन । छोरीले घरको काम धन्दामा सघाउनु पर्दछ भन्ने धारणा दलित अभिभावकमा रहेको छ । त्यसैले दलित समुदायमा परम्परावादी र रुढीवादी संस्कार विद्यमान रहेकोले शिक्षालाई जीवनका लागि अपरिहार्य साधन महशुस हुन नसकेको पाइयो ।
- दलित समुदायमा केटाकेटीको छिटो विवाह गर्ने चलन र धेरै सन्तान जन्माउने प्रवृत्तिले गर्दा दलित अभिभावकले छोराछोरीको भविष्यप्रति चिन्ता नलिएको र जुन भगवानले जन्म दिन्छ त्यसैलाई पाल्न पनि कर लाग्छ भन्ने रुढीवादी धारणा विद्यमान रहेको देखियो ।
- आम्दानी बाट प्राप्त रुपैँया पैसा खानपिनमा बढी खर्च गर्ने चाडपर्वमा बढी रमाइलो गर्ने र मोजमस्तीमा रमाई यथास्थितिमै खुशी हुने हुदा दलित बालबालिकामा पनि त्यस्तै प्रभाव परेको पाइयो ।
- समाजमा रहेको जातिय छुवाछुतको कारणले गर्दा पनि दलित विद्यार्थीहरूमा नैराश्यता र उचनिचको भावनाको विकास हुन गइ विद्यालयमा कम सहभागी हुने गरेको पाइयो ।
- देशमा विद्यमान राजनैतिक द्वन्द्व, समय समयमा हुने शैक्षिक हडताल, विद्यालय व्यवस्थापन र शैक्षिक पक्ष जस्ता विषयमा सुधार वा व्यवस्थित नहुनाले पनि दलित बालबालिकाहरूको विद्यालय सहभागीतामा बाधा परेको कुरा सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक/शिक्षिका र दलित अभिभावकबाट राय व्यक्त गरेको पाइयो ।

## ४.९ विद्यालयमा दलित बालबालिकाहरूको सहभागिता बढाउने उपाय

अध्ययन क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापक, शिक्षक/शिक्षिका तथा दलित अभिभावकहरुसँग दलित बालबालिकालाई प्राथमिक विद्यालयमा बढी भन्दा बढी सहभागी गराउनका लगि के-कस्ता उपायहरू अपनाउनु पर्ला भनि गरिएको अर्न्तवार्ता तथा छलफलबाट विभिन्न उपायहरू संकलन गरिएको थियो । अधिकाशं उत्तरदाताहरूबाट निम्न लिखित उपायहरू पहिचान गरियो :

- दलित बालबालिकाको पायक पर्ने ठाउमा विद्यालय खोल्नु पर्छ । विद्यालय नजिक हुँदा दलित बालबालिका विद्यालय जान उत्साहित र प्रोत्साहित हुन्छन् । सकभर बिहानी कक्षा चालु गर्ने व्यवस्था मिलाउनु पर्छ । यस्तो कक्षामा घरायसी काम काजले पढन् नपाएकाहरूले पनि पढ्ने अवसर पाउँछन् । उनीहरूको शैक्षिक कार्यमा अभिभावकहरू पनि प्रत्यक्ष रूपले संलग्न हुन सक्छन् ।
- सानो कक्षा खासगरी (कक्षा १)मा छ वर्ष मुनीका र त्यसभन्दा बढी उमेरका विद्यार्थीलाई एकैठाउँमा राखी अध्यापन गराउँदा समानस्तर नहुने हुँदा सिकाई प्रकृयामा सामन्जस्यता ल्याउन गाह्रो हुन्छ । यस्तो अवस्थामा विद्यालयमा छ वर्ष मुनिका बालबालिकाहरूको लागि शिशु कक्षाहरू खोलिनु पर्छ ।
- दलित बालबालिकाहरू जो पढन जेहेन्दार छन् उनीहरूलाई पढन अभिप्रेरित गर्न विद्यालयले आर्थिक सहयोग जुटाउने पहल गर्नुपर्दछ । स्थानिय जनसमुदायबाट चन्दा संकलन गरी र कुनै शिक्षाप्रेमीवाट अक्षय कोष स्थापना गर्न लगाई विद्यालय पोशाक र छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- विद्यालय जानबाट वञ्चित दलित बालबालिकाको अभिभावकहरूमा चेतना वृद्धि गराउन गाउँको स्कुलबाट प्रत्येक वर्ष घरदैलो कार्यक्रम संचालन गर्नुपर्दछ ।

- साक्षरता कार्यहरूमा (प्रौढ शिक्षा, महिला शिक्षा, बाल शिक्षा) लाई अभियानको रूपमा संचालन गर्नुपर्छ, पढेर के हुन्छ ? भन्ने मानसिकताबाट हुर्केका दलितलाई पढाईका राम्रा पक्षहरूबारे शिक्षा दिने कार्यक्रम संचालन गर्नुपर्दछ ।
- महिलाहरूलाई पढ्नबाट वंचित गर्ने चलनलाई निरुत्साहित गर्नका लागि लैङ्गीक समतासम्बन्धी तालिम गोष्ठी संचालन गरेर दलित अभिभावकहरूलाई जागरुक बनाउनु पर्छ ।
- दलित बालबालिकाहरूलाई विद्यालय जान प्रोत्साहित गर्न प्रत्येक विद्यालयमा दलित समूदायबाट भएसम्म महिला र नभएमा एकजना पुरुष शिक्षकको व्यवस्था गर्नुपर्छ ।
- अधिकांश दलित परिवारहरू न्यून आय भएका छन् । आफ्ना छोराछोरी विद्यालय पठाउन नसक्ने दलित अभिभावकलाई विशेष सहुलियत तथा रोजगारी प्रदान गरिनुपर्दछ । गरिब दलित बालबालिकाहरूको पढाईको सम्पूर्ण खर्च सरकारले बेहोर्नु पर्छ ।
- बिभिन्न संघ संगठनहरूले दलित समूदायमा जनचेतना र शसक्तिकरण अभियान चलाउनु पर्दछ ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष तथा सुझावहरू

## ५.१ प्राप्ति

नेपाल एक वहुजातीय , बहुभाषिक, बहुधार्मिक र वहुसांस्कृतिक देश हो । विभिन्न जाति, धर्म एवं भाषा नै यस देशका धरोहर हुन । नेपालका यिनै विविध जातिहरूमध्ये वैतडी जिल्ला सकार गा.वि.स.मा रहेका दलित जातिका बालबालिकाहरूको प्राथमिक विद्यालयमा सहभागिता बारे यस अध्ययनमा विश्लेषण गरिएको छ ।

सकार गा.वि.स.को कुल जनसंख्या मध्ये दलितहरूको जनसंख्या ७८३ रहेको पाइयो ।  जम्मा दलितहरू मध्ये पनि विश्वकर्मा (लुहार) करिब ९२ प्रतिशत र दमाईको ७ प्रतिशत जनसंख्या रहेको पाइयो । सकार गा.वि.स. मा कुल जनसंख्या मध्ये करिब २३ प्रतिशत दलितहरू रहेको पाइयो भने अन्य जातिहरूकूल जनसंख्याको करिब ७७ प्रतिशत रहेको पाइयो ।

अध्ययन क्षेत्रका प्राथमिक विद्यालयमा दलित र गैरदलित विद्यार्थीको भर्नाको अवस्थालाई हेर्दा गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको भर्नादर कम रहेको पाइयो । तल्ला कक्षा भन्दा माथिल्लो कक्षामा विद्यार्थीको भर्नादर कम पाइयो । विद्यालयमा गैरदलित छात्रछात्राको तुलनामा दलित छात्रछात्राको विद्यालय उपस्थिति पनि कम पाइयो । प्रत्येक कक्षाका दलित र गैरदलित दुवै जातिका विद्यार्थीहरूमा कक्षा बढ्दै गएअनुसार र विद्यालय उपस्थिति पनि बढेको पाइयो । त्यसैगरी गैर दलित र दलित दुवै जातिमा छात्र भन्दा छात्राको उपस्थिति तुलनात्मक रूपमा कम पाइयो ।

दलित र गैरदलित विद्यार्थीहरूको कक्षा अवलोकनको क्रममा ६० प्रतिशत दलित विद्यार्थीहरू कक्षा कोठामा पछाडि वसेको पाइयो । गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीहरूले शिक्षकसंग प्रश्न सोध्ने, छलफलमा सक्रिय सहभागी हुने, शिक्षकले सोधेका प्रश्नको उत्तर दिने काम कम मात्र गरेको

पाइयो । अवलोकनको क्रममा गैर दलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको कक्षा उपस्थिति कम देखियो । कक्षा कार्य र गृहकार्य बारे अवलोकन गर्दा ३५ प्रतिशत दलित विद्यार्थीले गृहकार्य गरेको पाइयो भने जबकि ६० प्रतिशत गैरदलित विद्यार्थीले गृहकार्य गरेको पाइयो । त्यसैगरी ४५ प्रतिशत दलित विद्यार्थीहरूले मात्र कक्षा कार्य गरेको पाइयो भने ६५ प्रतिशत गैरदलित विद्यार्थीहरूले कक्षाकार्य गरेको पाइयो । अवलोकनकै क्रममा १० प्रतिशत दलित विद्यार्थीहरू कपि कलम बिना नै विद्यालयमा आएको पाइयो भने ५ प्रतिशत गैरदलित विद्यार्थीहरू मात्र कपि कलम विना विद्यालय आएको पाइयो । त्यसैगरी १५ प्रतिशत दलित विद्यार्थीहरू विद्यालय खुल्ने समयभन्दा ढिलो विद्यालय आएको पाइयो जब कि १० प्रतिशत गैर दलित विद्यार्थीहरू मात्र विद्यालय खुल्ने समयभन्दा ढिलो विद्यालय आएको पाइयो । अवलोकनको क्रममा विद्यालय र कक्षामा दलित र गैरदलित विद्यार्थीहरू सँगसँगै मिलीजुली बस उठ गरेको देखियो विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापको अवलोकन गर्दा दलित विद्यार्थीहरूले शारीरिक क्रियाकलापहरू जस्तै दौडने, उफ्रने जस्ता कार्यमा बढी रुचि लिएको पाइयो भने गैरदलित विद्यार्थीहरूले बौद्धिक क्रियाकलापमा तुलनात्मक रूपमा बढी रुचि राखेको देखियो ।

शिक्षक र गैरदलित विद्यार्थीहरूले दलित विद्यार्थीहरूप्रति उचित व्यवहार नै गरेको पाइयो । शिक्षकले दलित विद्यार्थीलाई हरेक किसिमका शैक्षिक क्रियाकलापहरूमा सहयोग गरेको, पढ्नुपर्छ भन्ने भावनाबाट प्रेरित गर्ने गरेको, कक्षाकार्य, गृहकार्यजस्ता र अन्य शैक्षिक कार्यमा विशेष चासो देखाएको पाइयो भने गैर दलित विद्यार्थीहरूले पनि 'नछुने र छुन नहुने जात' भनेर तल्लो वर्गको रूपमा अभद्र व्यवहार नगरेको, शैक्षिक क्रियाकलापमा सहयोग गरेको, कक्षामा दलित र गैरदलित विद्यार्थीहरू सँगसँगै बस्ने गरेको दलित विद्यार्थीसँगको अर्न्तवार्ताको क्रममा थाहा पाइयो । त्यसैगरी जातको आधारमा एक विद्यार्थीले अर्को विद्यार्थीलाई नराम्रो व्यवहार गर्न नहुने, अनुमति अनुसार दलितलाई गैर दलितको घरभित्र पस्न फरक नपर्ने गैरदलित विद्यार्थीसले दलित विद्यार्थीप्रति गर्ने

व्यवहारबाट बुझियो । तर  व्यवहारिक रूपमा भने गैर दलित विद्यार्थीले दलित विद्यार्थीहरूलाई आफ्नो घरमा लगे तापनि उनीहरूका अभिभावकले भित्र पस्न बञ्चित गराएको दलित विद्यार्थीहरूसँगको अन्तरवार्ताबाट थाहा पाइयो ।

दलित विद्यार्थीहरूको प्राथमिक शिक्षा सहभागितासम्बन्धी देखा परेका समस्याहरूमा दलित अभिभावकहरूसँग जग्गा जमिन कम भएको हुँदा गरिबीको कारण अरुको काम गर्नुपर्ने बाध्यता रहेको, विद्यालय पोशाक, भर्ना शुल्क, किताव कपि र कलम किन्ने पैसाको अभाव, शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुनाले अन्य काममा आकर्षित हुनु, अभिभावक अशिक्षित भएकोले उनीहरुको चेतनामा कमी हुनु, घरको वातावरण शिक्षाको दृष्टिकोणले अनुकुल नहुनु, लैंङ्गिक भेदभाव रहनु, परम्परावादी र रुढीवादी संस्कार विद्यमान रहनु, परीक्षामा अनुर्तिण हुनु, आम्दानीबाट प्राप्त रकम खानपिन र चाडपर्वमा बढी खर्च गर्नु, समाजमा जातीय भेदभाव रहनु, महिला दलितहरू निरक्षर हुनु, समय समयमा हुने विद्यालय बन्द, हडताल र विद्यालय व्यवस्थापनजस्ता कुराहरू रहेको देखियो ।

सहभागिता बढाउने उपायहरूमा-पायक पर्ने ठाउँमा विद्यालय खोल्नु पर्ने, विहानी कक्षा सञ्चालन गर्नुपर्ने, विद्यालयमा ६ वर्ष मुनिका बालबालिकाहरूको लागि शिशुकक्षाहरू खोलिनुपर्ने, दलित विद्यार्थीहरुका लागि विद्यालय पोशाक र छात्रवृत्तिको उचित प्रबन्ध गर्नुपर्ने, चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, दलित समुदायमा साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने, लैङ्गिक समतासम्बन्धी तालिम गोष्ठी सञ्चालन गर्नुपर्ने, गाउँको स्कुलबाट प्रत्येक वर्ष घरदैलो जागरण कार्यक्रम संचालन गर्नुपर्ने, प्रत्येक विद्यालयमा एकजना दलित शिक्षक/शिक्षिकाको व्यवस्था गर्नुपर्ने, दलित अभिभावकहरूका लागि रोजगारमूलक काम तथा विशेष सहुलियतको व्यवस्था गर्नुपर्ने, दलित विद्यार्थीहरूको शिक्षामा लाग्ने सम्पूर्ण खर्च सरकारले बेहोर्नुपर्ने,  विभिन्न संघ संगठनहरूले दलित समुदायमा जनचेतनामूलक र सशक्तिकरण अभियान चलाउनुपर्ने देखिन्छ ।

## ५.२ निष्कर्षहरू

यस अध्ययनबाट प्राप्त भएका निष्कर्षहरू निम्नलिखित रहेका छन् :

- जातिगत रूपमा हेर्दा सकार गा.वि.स.को कूल जनसंख्यामध्ये दलितहरूको जनसंख्या प्रतिशत २३ रहेको छ ।
- अध्ययनक्षेत्रका प्राथमिक विद्यालयहरूमा गैरदलित विद्यार्थीहरूको तुलनामा दलित विद्यार्थीहरूको भर्नादर कम रहेको देखिन्छ ।
- गैर दलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको विद्यालय उपस्थिति कम देखिन्छ । दलित विद्यार्थीहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन नसकेको कारण उनीहरू समग्र शैक्षिक क्रियाकलापमा पछि परेको देखिन्छ ।
- कक्षाकोठा क्रियाकलापमा शिक्षक र दलित विद्यार्थीबीच विचारको दोहोरो आदान प्रदान नभएकोले दलित विद्यार्थीहरूले शैक्षिक क्रियाकलापमा उल्लेख्य प्रगति गर्न नसकेको देखिन्छ । दलित विद्यार्थीहरू लजाउने र डराउने गरेकोले कक्षा छलफलमा भागलिने तथा प्रश्नोत्तरमा संलग्न कम मात्र भएको देखिन्छ ।
- विद्यालय र कक्षाकोठामा जातिपाति र छुवाछुतको नाममा गरिने विभेदजन्य क्रियाकलाप दलित र गैरदलित विद्यार्थीहरूका बिचमा नदेखिएका कारण दलित विद्यार्थीहरूको विद्यालय सहभागितामा छुवाछुतको कारणले कुनै बाधा पुऱ्याइएको पाइएन ।
- घरको आर्थिक स्थिति र पारिवारिक वातावरणले गर्दा दलित बालबालिकाहरू नियमित रूपमा विद्यालय उपस्थित हुन नसकेका र विद्यालय उपस्थित भएकाहरूमा पनि आवश्यक मात्रामा कपी, कलम र पाठ्यपुस्तकको अभाव रहेको देखिन्छ । जसले गर्दा उनीहरूको शैक्षिक स्तर न्यून हुँदा कक्षामा फेल हुने विद्यालय नजाने र गएकाले पनि विद्यालय छोड्ने गरेको देखिन्छ ।
- विद्यालयमा कम उपस्थित हुने बालबालिकाको विषवस्तुमा हुने ज्ञानको कमीले स्वतः विद्यालय नजाने मनस्थिति रहेको देखिन्छ ।

- समूदाय परम्परागत रुढिवादी शैलीमा चल्नाले र वैदिक पुराण, स्मृतिग्रन्थ, परम्पराको आडमा गरिएको सामाजिक व्यवहारले दलितहरूको शिक्षा प्राप्तिमा पनि प्रत्यक्ष असर पारेको देखिन्छ ।
- लैङ्गिक समताको कमीले दलितहरूको प्राथमिक शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । जसले गर्दा दलित केटाहरुको तुलनामा केटीहरूको विद्यालय सहभागिता कम रहेको देखिन्छ ।
- आर्थिक अभाव, दलित अभिभावकहरुमा शैक्षिक चेतनाको कमी, दलित महिलाहरू निरक्षरहुनु, दलित केटाकेटीहरूमा पढ्नुपर्छ भन्ने भावनाको विकास हुन नसक्नु जस्ता पक्षहरूले गर्दा दलित विद्यार्थीहरूको प्राथमिक विद्यालय सहभागितामा असर परेको देखिन्छ ।

## ५.३ सुझावहरू

अध्ययन क्षेत्रका विद्यालयहरूको दलित विद्यार्थीहरूको सहभागिता अध्ययन गर्ने क्रममा दलित विद्यार्थीहरूको विद्यालय भर्ना र उपस्थिति, कक्षा र विद्यालय क्रियाकलापमा सहभागिता, शिक्षक र गैरदलित विद्यार्थीहरूले दलित विद्यार्थीहरूप्रति गर्ने व्यवहार, विद्यालय सहभागिताको समस्या र त्यसका कारणहरूको जानकारीका आधारमा दलित बालबालिकाहरूको विद्यालय सहभागिता र प्रगतिका लागि निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएका छन् :

- दलित विद्यार्थीहरूले पाउँदै आएको छात्रवृत्तिलाई समय र परिस्थितिअनुसार वृद्धि गर्दै लैजानु आवश्यक देखिन्छ साथै विद्यालय पोशाक वितरण, प्रशंसाजस्ता सकारात्मक विभेदका कार्यक्रमहरू सरकारी पक्षबाट सञ्चालन गर्नुपर्छ । वास्तविक रूपमा विपन्न, जेहेन्दार र त्यसमा पनि पिछडिएका दलित विद्यार्थीको छनौट गर्न शिक्षकले पारदर्शी तरीका अपनाउनु पर्दछ ।
- विद्यालयको विस्तारलाई समानुपातिक गराइनुपर्छ । कम्तिमा २० देखि ३० मिनेट सम्ममा हिडेर पुग्न सक्ने स्थानमा विद्यालय स्थापना गरिनु पर्दछ ।

- सरकारी पहलमा शैक्षिक सत्रको सुरुमै दलित विद्यार्थीहरूलाई पाठ्यपुस्तक वितरण गरिनु पर्दछ ।
- प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूको शिक्षा प्राप्तिको मनोबलमा वृद्धि गर्नको लागि सम्भव भएसम्म दलित महिला र नभएमा दलित समुदायका व्यक्तिबाट एकजना शिक्षक वा शिक्षिकाको व्यवस्था गरिनु पर्दछ ।
- दलित बालबालिकाहरुको प्राथमिक विद्यालयमा व्यापक सहभागिता जुटाउनको लागि राष्ट्रिय स्तरबाट नै विशेष आरक्षणको व्यवस्था गरिनु पर्दछ ।
- दलितहरूको समस्या, छुवाछुत र विद्यमान रुढिवादी बारे चेतना अभिवृद्धि गर्ने खालका विषयवस्तु विद्यालयस्तरको पाठ्यक्रममा समावेश गरिनुपर्दछ ।
- दलित विद्यार्थीहरुको विद्यालय छाड्ने प्रवृत्ति कम गराउन तथा विद्यालय सहभागिता बढाउनको लागि उनीहरूलाई नियमित विद्यालय उपस्थित भएमा पुरस्कारको व्यवस्था र अनियमित भएमा दण्ड/जरिवानाको व्यवस्था विद्यालयद्वारा गरिनु पर्दछ ।
- दलित अभिभावकहरूमा शिक्षाको महत्वबारे विभिन्न किसिमका शैक्षिक जानकारीका कार्यक्रमहरू विद्यालय मार्फत् संचालन गरिनुपर्दछ ।
- कमजोर आर्थिक अवस्थाका कारण कतिपय दलित बालबालिकाहरू विद्यालय भर्ना हुन सकेका छैनन् र भर्ना भएकाहरू पनि बीचैमा विद्यालय छाड्ने भएकाले उनीहरुका अभिभावकहरूलाई सीपमूलक र आयमूलक तालिम तथा रोजगारीका अवसर सिर्जना गराइनु पर्दछ ।
- प्राथमिक तहमा शिक्षा निःशुल्क भनिए तापनि पूर्ण रूपमा निःशुल्क नभएको देखिएकोले विद्यालय जाने उमेर भएका सबै दलित समुदायका विद्यार्थीहरूलाई माध्यमिक तहसम्मको शिक्षा पूर्णरुपमा निःशुल्क गराइनु पर्दछ ।

- गैर दलित भित्र रहेको धार्मिक सामाजिक कट्टरपना तथा दलितभित्र रहँदै आएको हिन भावना हटाउँदै लग्न त्यससम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।
- शिक्षक र अभिभावकबीच समय-समयमा भेटघाट र छलफलजस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।
- सरकारी संचारका माध्यमहरूबाट जातीय छुवाछुत उन्मूलन गर्ने सन्देशहरू प्रसारित गरिनु पर्दछ ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०५९), शिक्षा सेवा प्राविधिक सहायक दर्पण, काठमाडौँ : आशिष पुस्तक भण्डार ।

अल्हुरेड्स नेपाल र अरु (२००३), छुवाछुत विरुद्ध न्यायलय, काठमाडौँ ।

आचार्य, समन्तमणि (२०५८), रसुवा जिल्लाका डाँडागाउँ श्रोतकेन्द्र अन्तर्गतका सार्वजनिक विद्यालयहरुको प्राथमिक तह शिक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरु, काठमाडौँ : एम.एड.शोधपत्र, कीर्तिपुर ।

खनाल, पेशल (२०६०), शैक्षिक अनुसन्धान, काठमाडौँ : विद्यार्थी बुक्स, पब्लिसर्स, नयाँबजार, कीर्तिपुर ।

चुन, ल्यू (२०५१), जातीय सवाल र वर्गसङ्घर्ष, काठमाडौँ : जनसाहित्य प्रकाशन केन्द्र (अनुवादकः कृष्णदास श्रेष्ठ) ।

दलित गैरसरकारी संस्था महासंघ २०६२, काठमाडौँ : मुक्तिको आवाज, वर्ष ६, अंक २०, कमलपोखरी ।

दलित गैरसरकारीी संस्था महासंघ (1998), जातीय विभेद विरुद्धको महासन्धी, काठमाडौँ : जनउत्थान प्रतिष्ठान र दलित गैर सरकारी संस्था महासंघ ।

दाहाल, यज्ञरथ (२०६१), प्रा.वि.मा दलित बालबालिकाको शिक्षामा सहभागिता, काठमाडौँ : एम. एड. शोधपत्र त्रि.वि., कीर्तिपुर ।

नेपाल अधिराज्यको संविधान २०४७, काठमाडौँ : कानुन किताव व्यवस्था समिति ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ २०६३, लुकेको आवाज, वर्ष ३, अंक ७, ललितपुर ।

पौडेल, लेखनाथ (२०५४), नेपालमा शिक्षाको विकास, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

विश्वकर्मा, हिरा (२०६० पौष ८), विभेदित र विभाजित दलित आन्दोलन, कान्तिपुर राष्ट्रिय दैनिक, पृ. ६ ।

विश्वकर्मा, हिरा (२०६० पौष २३), नेपालका दलितहरुले खोजेको मुक्ति, कान्तिपुर राष्ट्रिय दैनिक, पृष्ठ ७ ।

भट्टराई, बुद्धिराम (२०६१), प्राथमिक शिक्षामा दलित विद्यार्थीहरुको सहभागिता एक अध्ययन, एम.एड. शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

मुलुकी ऐन २०२०, काठमाडौं : कानुन किताव व्यवस्था समिति ।

राष्ट्रिय दलित आयोग २०६०, नेपालमा दलित समुदायको स्थिति, काठमाडौं ।

राष्ट्रिय दलित आयोग २०६२/६३, वार्षिक प्रतिवेदन, काठमाडौं ।

शर्मा, चिरञ्जीवी (२०५८), शिक्षाका आधारहरु, काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स,।

शिक्षा नियमावली २०५९, काठमाडौं : कानुन किताव व्यवस्था समिति ।

श्रेष्ठ, मुक्ता (२०६१), नेपालमा दलितहरुको उत्पत्ति र विकास, मूल्याङ्कन पूर्णाङ्क ११९, पृष्ठ ३० ।

सेरिड (२०५८), दुर्गम क्षेत्रका विपन्न वर्गका बालबालिकाले शिक्षाको अवसर पाउन नसक्नुका कारकतत्व, शिक्षक प्रशिक्षण निर्देशिका, काठमाडौं : त्रिपुरेश्वर सेरिड ।

Basnet, M.B. (2001). Cobblers in Transition Changing Survival Strategies of the Cobblers (Bhaktapur), M.A. Thesis Submitted to Department of Sociology, T.U., Kirtipur.

CERID (1998). Participation Approach to Education for Dalits of Nepal. Kathamndu, CERID, T.U.

CBS (2001). Statistical Year Book of Nepal, Kathmandu : Central Bureau of Statistics.

Deaprtment of Education (2006). Flash I Report 2063, Bhaktapur.

Joshi, S.K. (1999). Damai: A Tribal Ethnigraphy Occupational Cast. Thesis Submitted to the Central Department of Sociology, T.U. Kiritpur.

Koirala, Bidhyanath (1996). Schooling and Dalits of Nepal. Canada : Ph.D. Thesis, Submitted to University of Alberta.

Raj Bhandari, Tejsuee (2060). Discrimination galore law notwithstanding. The Kathmandu Post, March 20 P. 4.

Rai, Jhum Prasad (2003). Cultural Discontunity and Learning Strategies of the Disadvantaged Dalits Children at Home and School. Denmark : M. Phil. Thesis Danesh University of Education.

Shrestha, Anil (2001). Socio-Economic Changes Among Kami Commuity of Bijauri VDC of Dang. M.A. Thesis Department of Sociology, T.U.

Tumin, Melvin (1997). Social Stratificatin: The forms and Functions of Inequality. New Jersey: Princetor, University, Prentlce Hall, Inc. Engle Wood Cliffs.

# विषय सूची


**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता ज्ञापन**

**विषय सूची**

**तालिका र चित्रसूची**

**शोधसार**

| | |
|---|---|
| **अध्याय एक : परिचय** | **१–१०** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.१.२ दलित वर्गको परिचय | ४ |
| १.१.३ दलितको अवस्था | ५ |
| १.१.४ दलित वर्ग र शिक्षा | ६ |
| १.२. समस्याको कथन | ८ |
| १.३ अध्ययनको महत्व | ९ |
| १.४ अध्ययनको उद्देश्य | १० |
| १.५. अध्ययनको सिमाङ्कन | १० |
| **अध्याय दुई : पूर्वअध्ययन कार्यहरूको साहित्यिक समीक्षा** | **११–१८** |
| २.१ सामाजिक विभेदीकरणः समाजशास्त्रीय सिद्धान्तहरू | ११ |
| २.२ दलित र सामाजिक असमानता | १४ |
| २.३ दलितहरूको शैक्षिक अवस्था | १६ |
| **अध्याय तीन : अध्ययन विधि** | **१९–२५** |
| ३.१ अध्ययन क्षेत्रको परिचय | १९ |
| ३.२. अनुसन्धान ढाँचा | २० |
| ३.३ नमूना छनौट | २१ |
| ३.४ साधनहरूको निमार्ण | २२ |

३.५. साधनको वैधानिकरण २४
३.६. तथ्याङ्क संकलन प्रक्रिया २४
३.७. तथ्याङ्कको विश्लेषण र व्याख्या २५

**अध्याय चार : तथ्याङ्कको विश्लेषण तथा व्याख्या २६–४१**

४.१. सकार गा.वि.स. को जातिगत जनसंख्या विवरण २६
४.२ सकार गा.वि.स.का प्राथमिक विद्यालयमा दलित र गैर दलित विद्यार्थी भर्ना विवरण २७
४.३. दलित र गैरदलित विद्यार्थीको विद्यालय उपस्थिति २९
४.४ दलित र गैरदलित विद्यार्थीहरूको कक्षा र विद्यालय क्रियाकलापमा सहभागिता ३१
४.५. शिक्षकहरुले दलितविद्यार्थीहरूप्रति गर्ने व्यवहार ३७
४.६. गैरदलित विद्यार्थीहरूले दलित विद्यार्थीहरुप्रति गर्ने व्यवहार ३८
४.७. विद्यालयमा दलित विद्यार्थीहरूका लागि कार्यक्रम संचालन सम्बन्धी प्रतिक्रिया ३९
४.८ दलित विद्यार्थीहरूको प्राथमिक विद्यालयमा सहभागिता सम्बन्धी समस्या ४०
४.९ विद्यालयमा दलित बालबालिकाहरूको सहभागिता बढाउने उपाय ४२

**अध्याय पाँच : प्राप्ति, निष्कर्ष तथा सुझावहरू ४४–४६**

५.१ प्राप्ति ४४
५.२ निष्कर्षहरू ४७
५.३ सुझावहरू ४८
सन्दर्भसूची
अनुसूचीहरू

## अनुसूची १

### विद्यार्थी भर्ना सम्बन्धी तथ्याङ्क संकलन गर्नका लागि तयार पारिएको फाराम

जिल्ला ...........   गा.वि.स. ..................... साल

विद्यालयको नाम ..................................... वडा नं. ............

| कक्षा | दलित विद्यार्थी संख्या | | गैर दलित विद्यार्थी संख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| जम्मा | | | | | |

# अनूसूची २

## विद्यार्थीहरुको उपस्थिति सम्बन्धी तथ्याङ्क संकलन गर्नका लागि तयार पारिएको फारम

जिल्ला .......... गा.वि.स. .................... साल

विद्यालयको नाम .................................... वडा नं. ...........

| महिना | विद्यालयमा पढाई भएको दिन | | कक्षा | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| जेठ | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| असार | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| साउन | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| भाद्र | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| असौज | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| कार्तिक | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| मंसिर | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| पुष | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| माघ | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| फागुन | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| चैत्र | | दलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |
| | | गैरदलित | छात्र | | | | | |
| | | | छात्रा | | | | | |

# अनूसूची ३

## दलित विद्यार्थीको काक्षाकोठा क्रियाकलाप सहभागिता हेर्नको लागि तयार पारिएको अवलोकन फारम

विद्यालयको नाम : ............................... मितिः ................

कक्षा : ........... पिरियडः................

विषय : ..........

| क.सं. | विद्यार्थीको क्रियाकलाप | दलित विद्यार्थी | गैर दलित विद्यार्थी |
|---|---|---|---|
| १ | कक्षामा ध्यान दिएर सुन्ने गरेको छ/छैन | | |
| २ | छलफलमा सहभागी हुन्छ/हुँदैन | | |
| ३ | शिक्षकले सोधेको प्रश्नको उत्तर मिलाएर दिन्छ/दिँदैन | | |
| ४ | शिक्षकलाई विषयसँग सान्दर्भिक प्रश्न सोध्छ/सोध्दैन | | |
| ५ | शिक्षकले दिएको निर्देशन पालना गर्दछ/गर्दैन | | |
| ६ | कक्षा कार्य गर्छ/गर्दैन | | |
| ७ | गृहकार्य गरेर ल्याउँछ/ल्याउँदैन | | |
| ८ | अरु विद्यार्थीसँग मिलेर बस्छ/बस्दैन | | |
| ९ | अरु विद्यार्थीसँग काम गर्छ/गर्दैन | | |
| १० | समयमा स्कूल आउँछ/आउँदैन | | |
| ११ | अतिरिक्त कियाकलापमा भाग लिन्छ/लिँदैन | | |

अवलोकनकर्ताः.................

हस्ताक्षर : ........................

# अनूसूची ४

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम : ..................................................

प्र.अ.को नामः ..................................................................

१. तपाइको विद्यालयमा प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुको उपस्थिति के कस्तो छ ?

२. दलित र गैरदलित विद्यार्थी बीचको सम्बन्धलाई तपाइँले कुन रुपले हेर्नु भएको छ ?

३. विद्यालयमा गैर दलित विद्यार्थी बढी सहभागी हुनुका कारणहरूके के हुन् ?

४. दलित विद्यार्थीलाई विद्यालय सहभागितामा बाधा पार्ने कारणहरूके के छन् ?

५. विद्यालयमा दलित विद्यार्थीहरुलाई गैर दलित विद्यार्थीसँगै बस्ने व्यवस्था मिलाउनु भएको छ/छैन ?

६. दलित विद्यार्थीहरुको लागि विद्यालयमा के के कार्यक्रम संचालन भएका छन् ?

७. विद्यालयमा कम सहभागिता रहेको दलित विद्यार्थीको लागि विद्यालयमा बढी सहभागि गराउन के-कस्ता उपायहरूअपनाउने गरिएको छ ?

## अनूसूची ५

## शिक्षक समूह छलफल निर्देशिका सूची

विद्यालयको नाम : ..................................................

समूह ..................................................................

१. निम्न कार्यमा दलित र गैरदलित विद्यार्थीहरूविच के कस्ता समानता र भिन्नता पाउनु हुन्छ ?

❖ विद्यालय आउने सम्बन्धमा

❖ कक्षा नियमितता र सहभागिता सम्बन्धमा

❖ कक्षामा प्रश्न गर्ने र उत्तर दिने सम्बन्धमा

❖ गृहकार्य गर्ने सम्बन्धमा

❖ साथीहरुसँग हेलमेल गर्ने सम्बन्धमा

२. विद्यालयमा हुने शैक्षिक र अतिरिक्त क्रियाकलापमा दलित र गैरदलित विद्यार्थीहरुको संलग्नता र भिन्नता के कस्तो पाउनुहुन्छ ?

३. दलित विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गर्नको लागि शिक्षकले कस्तो भूमिका खेल्नु पर्छ ?

४. दलित विद्यार्थीहरुलाई विद्यालय सहभागितामा के कस्तो समस्या पाउनु भएको छ ?

५. ती समस्याहरुलाई निराकरण गरी विद्यार्थी सहभागिता बढाउन के कस्ता कार्य गर्नु आवश्यक ठान्नु भएको छ ?

## अनुसूची ६

## दलित विद्यार्थीहरुको लागि अन्तरवार्ता निर्देशिका

उत्तरदाताको नाम : ................................... कक्षा ........................

विद्यालयको नाम : .................................. लिङ्ग : ............ उमेर ..........

१. तिम्रो कक्षामा कुन कुन जातका साथीहरूछन् ?

२. तिमीलाई मनपर्ने साथीहरुको नाम के के छ ?

३. ती साथीहरूमनपर्नाको कारण के हो ?

४. तिमीलाई साथीहरुले कस्तो व्यवहार गर्दछन् ?

- कक्षामा सँगै बस्ने/नबस्ने
- सँगै खाजा खाने/नखाने
- सँगै खेल्ने/नखेल्ने
- तिमीले नजानेको कुरामा सहयोग गर्ने/नगर्ने
- आफ्नो घरमा लैजाने /नलैजाने

५. तिमीलाई सबैभन्दा बढी मन पर्ने शिक्षकको नाम के हो ? मन पराउनको कारण के हो ?

६. तिमीलाई शिक्षकले विद्यालय र कक्षा कोठामा कस्तो व्यवहार गर्दछन् ?

- प्रश्न सोध्ने क्रममा
- अरु विद्यार्थी र तिमीप्रतिको हेराइमा
- कक्षामा गृहकार्य जाँच्ने सम्बन्धमा
- अतिरिक्त क्रियाकलापमा संलग्न हुने सम्बन्धमा

## अनूसूची ७

## दलित अभिभावकहरुका लागि अन्तरवार्ता निर्देशिका

उत्तरदाताको नाम : ..........................................पेशा ............

लिङ्ग .................................                                    उमेर ...........

गा.वि.स. ...............                                                  वडा नं. ...............

१. तपाइँ कुन पेशामा संलग्न हुनुहुन्छ ?

२. तपाईंले छोराछोरीको पढाईंबारे थाहा पाउन विद्यालय जाने र शिक्षकसँग भेट्ने गर्नु भएको छ ?

३. विद्यालयमा शिक्षकले तपाईंको छोराछोरीसँग कस्तो व्यवहार गर्दछन् ?

४.तल्लो जातकै भएको कारण तपाईंको छोराछोरीले विद्यालयमा कुनै कठिनाई भोग्नु परेको छ ?

५. तपाईंले आफ्नो छोराछोरीलाई शिक्षा दिने क्रममा कुनै समस्या भोग्नु भएको छ कि ?

६. तपाईंको विचारमा दलितहरुको प्राथमिक विद्यालयमा सहभागिता कम हुनुको कारण के हो जस्तो लाग्छ ?

७. दलित विद्यार्थीलाई प्राथमिक शिक्षामा बढी भन्दा बढी सहभागी गराउनका लागि कस्ता उपायहरूअपनाउनु पर्ला ?

# अनुसूची ८

## समूह छलफलका लागि छनौट गरिएका शिक्षकहरू

| क्र.सं. | शिक्षकको नाम | समूह | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्रीमती मीनादेवी भट्टराई | क | श्री कालिका प्रा.वि. पलेटा, सकार |
| २ | श्री मदनराज भट्टराई | | |
| ३ | श्री नरेन्द्र सिंह रावल | | |

| क्र.सं. | शिक्षकको नाम | समूह | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री वसन्तराज शर्मा | ख | श्री भूमिराज प्रा.वि. बाटुलासौं, सकार |
| २ | श्री हरिबहादुर चन्द | | |
| ३ | श्री देवदत्त शर्मा | | |
| | सुश्री जानकी चन्द | | |

| क्र.सं. | शिक्षकको नाम | समूह | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री शिवा चन्द | ग | श्री सरस्वती प्रा.वि. गुत्थडी, सकार |
| २ | श्री करवीर भट्टराई | | |
| ३ | श्रीमती कमला भट्ट | | |

| क्र.सं. | शिक्षकको नाम | समूह | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री कृष्णदत्त भट्टराई | घ | श्री जनता प्रा.वि. पोखरी, सकार |
| २ | सुश्री धना कुमारी पाण्डेय | | |

| क्र.सं. | शिक्षकको नाम | समूह | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री पदमराज भट्टराई | ङ | श्री कैलाश प्रा.वि. डड्सिली, सकार |
| २ | श्री गगनसिंह बोहरा | | |

## अनुसूची ९

## अन्तर्वार्ताका लागि छनौट गरिएका प्र.अ.हरू

| क्र.सं. | प्रधानाध्यापकको नाम | शैक्षिक योग्यता | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री नन्दराज भट्टराई | बी.एड. | श्री कालिका प्रा.वि. पलेटा |
| २ | श्री नारायण ब. चन्द | आई.ए. | श्री भूमिराज प्रा.वि. बाटुलासौँ |
| ३ | श्री धनन्जय भट्टराई | आई.ए. | श्री सरस्वती प्रा.वि. गुत्थडी |
| ४ | श्री दिलिप सिंह बोहरा | एस.एल.सी. | श्री जनता प्रा.वि. पोखरी |
| ५ | श्री कृष्णदत्त पन्त | एस.एल.सी. | श्री कैलाश प्रा.वि. डङ्सिली |